# अध्याय – एक
# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

बहुधार्मिक, बहुभाषिक, बहुसाँस्कृतिक, बहुजातियता यस राष्ट्रको विशेषता हुन् भने विभिन्न जातजातिहरु मानिसहरुको विविधतापूर्ण जनजीवन नेपाली समाजको विशिष्ठता हो र यिनीहरुको आधार नै विभिन्न समाजमा बस्ने विविध जातजातिहरु हुन् । आज यिनै जातजातिहरु आर्थिक, सामाजिक, धार्मिक, परिवर्तनका कारणले, बसाइसराइका कारणले विस्तारै लोप हुने अवस्थामा पुगेको छ । यसरी यी विभिन्न जातजातिहरुका सामाजिक, साँस्कृतिक र आर्थिक अवस्थाको बारेमा अध्ययन अनुसन्धान गरी उनीहरुको जीवनस्तर उकास्न धर्म साँस्कृति र रीतिरीवाजलाई लोप हुन नदिन जीवनस्तर माथि उठाउन विभिन्न नीतिनियमहरुको तय गर्नु र जातिय पहिचाहान सहितको संघिय राज्यको स्थापना गर्नु आजको आवश्यकता रहेको छ भने, यी नीतिनियमहरुलाई सैद्धान्तिक रुपमा कागजमा मात्र सीमित नभई व्यवहारीक रुपमा प्रयोगमा ल्याउनु पनि जरुरी देखिन्छ ।

नेपाली समाजको अध्ययन तथा अनुसन्धान विदेशी तथा स्वदेशी समाजशास्त्री/मानवशास्त्रीले गर्दै आएको पाइन्छ तर सीमित मात्रामा गरेको अध्ययनले नेपालको विभिन्न भागमा छरिएर रहेको जातजातिहरुको विस्तृत अध्ययनमा अपुरो रहेको छ । यसै सन्दर्भमा पहाडी इलाकामा बसोबास गर्ने सुनुवार जाति पनि एक आदिवासी जनजाति हो । सुनुवार जाति इतिहाँसको कुनै एक कालखण्डदेखि वर्तमान सम्म पहिचानको संकटमा परेर अस्तित्वको लडाइँ लडिरहेको जाति हो । खासगरी रामेछाप र ओखलढुङ्गा जिल्लामा अत्याधिक बसोबास गर्ने सुनुवारहरुको आफ्नै भाषा, साँस्कृतिक रहनसहन छन् । यसरी आफ्नो सुखद् जीवनयापनको सिलसिलामा रामेछाप जिल्लाबाट दक्षिण सिन्धुली जिल्ला अन्तर्गत कमलामाई नगरपालीका वडा नं. ६ मा बसाइसरी हाल स्थायी बसोबास गर्दै आएका सुनुवार जातिहरुको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्थाका बारेमा

सीमित रही यो अध्ययन गरिएको छ । यस जातिको आफ्नै मातृभाषा छ । धेरै चाडपर्वहरु अन्य जातिहरुसँग मिल्दोजुल्दो भएपनि यिनीहरुको आफ्नै जातिविशेष चाडपर्वहरु तथा रीतिहरु जुन किराँत मुन्धुम अनुसार पूजाआरधना गरिन्छ । जस्तै- सगुन, छेंगु, काष, गील र चण्डीपुजा । शोधकर्ताले अध्ययनको लागि छनोट गरेको क्षेत्र रहेको कमलामाई नगरपालिका वडा नं. ६ अन्तर्गतका क्षेत्रमा सुनुवार जातिको कुल घरधुरी ३३ रहेको र कुल जनसंख्या १८३ रहेका छन् । जसमा पुरुष ८९ र महिला ९४ जना रहेका छन् ।

## १.२. समस्याको कथन

नेपाल सानो राष्ट्र भए पनि बहुजाति र बहुभाषिक राष्ट्र हो । अल्पसंख्यक सुनुवार जाति आफ्नो जातिय पहिचाहन र अस्तित्वको लागि सघर्ष गर्दै आइरहेको एक आदिवासी जनजाति हो । यो जाति ज्यादै सोझो, इमान्दार साथै सामाजिक, सांस्कृतिक रीतिरिवाजमा भने धनी छन् । यी जातिहरुको आफ्नै धर्म, भाषा, संस्कृति, जन्म, मृत्यु र विवाह संस्कार तथा आफ्नै परम्परागत सीप तथा व्यवसाय छन् । जसले उनीहरुको जातिय पहिचाहनको लागि ठुलो सहयोग पुऱ्याएको देखिन्छ । समयको परिवर्तन संगसँगै यी जातिहरुमा पनि विगतका सामाजिक, सांस्कृतिक, तथा आर्थिक पक्षमा विविध परिवर्तनहरु देखिएकाले यस शोधकार्यमा यी जातिका समकालीन परिवर्तनका बारेमा विस्तृत अध्ययन गर्ने जमर्को गरिएको छ ।

उनीहरुको परम्परागत कार्यलाइ हेर्ने हो भने अहिलेको स्थितिमा खासै जीवन धान्न सक्ने खालको थिएन । उनीहरुका मुख्य परम्परागत कार्यहरुमा सिकार खेल्ने, माछा मार्ने, नाङलो डालो बुन्ने (बासँको समान बनाउने काम) मह काड्ने, पशुपालन गर्ने र केही मात्रामा खेतीपाती गर्ने गरेको देखिन्छ । आजको यस परिवर्तित् समयमा यिनीहरुको परम्परागत पेशाले जीविकोपार्जन गर्ने वा परिवार चलाउन धेरै गाह्रो भएको देखिन्छ । अहिले यी जातिका वर्तमान परिवेशलाई हेर्ने हो भने विगतको भन्दा धेरै कुराहरु सुधारोन्मुख भएको पाइन्छ । यी जातिहरु अहिले व्यापार व्यवसायमा पनि संलग्नता देखिन्छ । कतिपय युवाहरु ब्रिटिस तथा इन्डियन

आर्मीमा भर्ती भएका छन् । कोही वैदेशिक रोजगारीमा छन् । केही युवाहरु सरकारी तथा गैरसरकारी संघसंस्थामा आवद्ध भएको पाइन्छ । केही कतै नगएकाहरु घरमै व्यवसायिक पशुपालनमा व्यस्त देखिन्छ । यसरी यी सुनुवार जातिहरुले आधुनिक पेशालाई अंगालेर आर्थिक अवस्थामा धेरै उन्नति गरेको पाइन्छ । तसर्थ त्यो परम्परागत अवस्थाका सुनुवार जातिहरुको परिवर्तित सामाजिक तथा आर्थिक अवस्थाका कारक तत्वहरुले बदलिएको छ । (सुनुवार सेवा समाज - २०६२) ।

किन उनीहरुको आर्थिक अवस्थामा परिवर्तन आएको छ ? सामाजिक सम्बन्धमा के कस्ता परिवर्तन आएको देखिन्छ ? पेशामा के-कस्ता परिवर्तन आएका छन् ? यी परिवर्तनका कारक तत्वहरु के-के छन् ? उनीहरु प्रति अन्य जातजातिको के-कस्ता परिवर्तित धारणा आएको छ ? कसरी उनीहरुको आर्थिक अवस्थामा परिवर्तन आएको छ ? आदि जस्ता कुराहरु यस अनुसन्धानको समस्याको रुपमा रहेका छन् ।

## १.३ अध्ययनको सीमा :–

कुनै पनि अध्ययन अनुसन्धाको आ–आफ्नै सीमाहरु हुन्छन् । समय श्रम र आर्थिक स्रोतलाई पनि विचार गर्नु पर्ने हुनाले चाहेर पनि विस्तृत अध्ययन गर्न नसकी सीमित क्षेत्रमा अध्ययन गरिने हुनाले यसका सीमाहरु निम्नलिखित छनः–

- यस अध्ययन क.न.पा.- ६ को सुनुवारहरुको ३३ घरधुरीमा मात्र सिमित छन् ।
- यसका निष्कर्ष तथा सुझावहरु अन्य क्षेत्रहरुमा लागु नहुन पनि सक्छ ।
- यो अध्ययन निश्चित ठाउँमा गरिएकोले निश्चित सीमामा मात्र मान्यता दिन्छ ।
- शैक्षिक प्रयोजनको लागि मात्र तयार पारिएकोले यस जातिको पूर्ण अध्ययन हुन सकेको छैन् ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नुको अवश्य पनि केही उद्देश्य हुन्छ । यसैगरी यस अध्ययन को मुख्य उद्देश्य पनि सिन्धुली जिल्लाको क.न.पा. वडा नं. ६ मा बसोबास गर्ने सुनुवार जातिको परिवर्तित सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको अध्ययन गर्नु रहेको छ ।

यस अध्ययनको निम्न उद्देश्यहरु रहेका छन् :–

- सुनुवार जातिको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्नु,
- सुनुवार जातिको सांस्कृतिक पक्षको अध्ययन गर्नु,
- सुनुवार जातिको विभिन्न पक्षमा आएका परिवर्तनका बारेमा अध्ययन गर्नु ।

## १.५ अध्ययनको महत्व :–

नेपाल बहुजातिय, बहुभाषिक, बहुधार्मिक, तथा बहुसांस्कृतिक राज्य भएको हुनाले यी विभिन्न जातजाति, भाषाभाषी, धर्म, संस्कृति भएको जातजातिहरुलाई राष्ट्रको एउटै मूल प्रवाहमा समाहित गर्नु जटिल आवश्यकता हो । नेपाली समाज र सास्कृतिको यथार्थलाई जबसम्म बुझ्न सकिदैन तबसम्म नेपाली समाजको विकास गर्न कठिनाई सावित हुनजान्छ । यसका लागि सबै जातजाति तथा जनजातिहरुको सामाजिक संस्कार तथा सांस्कृतिक पक्षको अध्ययन तथा अनुसन्धान हुन आवश्यक छ । यस अध्ययनमा सुनुवार जातिको सामाजिक संस्कार तथा सांस्कृतिक क्रियाकलापको बारेमा विस्तृत रुपमा अध्ययन गरी यसबाट सरकार, स्थानीय निकाय तथा नेतृत्व वर्गलाई यी जातिहरुको उन्नति र विकासका लागि नीति निर्धारण गर्न समेत सजिलो हुन जाने देखिएकोछ ।

यी जनजातिहरुको सामाजिक, आर्थिक एवं सांस्कृतिक पक्षको वर्तमान अवस्थाको जानकारी लिई त्यसको माध्यमबाट विभिन्न योजना तथा विकास कार्यक्रम बनाउने, योजनाको उद्देश्य तय गर्ने, योजनाको कार्यान्वयन गर्ने साथै

अन्य जातजाति, विद्यार्थी, अनुसन्धानकर्ता आदिलाई यस जातिको बारेमा अध्ययन तथा अनुसन्धान गर्नुको निम्ति यसले मार्गको रुपमा सहयोग पुऱ्याउने छ । यस जातिका सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको बारेमा अध्ययन गर्न चाहने भविष्यका अनुसन्धान कर्तालाई दरिलो आधार बन्ने छ तसर्थ यो अध्ययनको महत्व अर्थपूर्ण रहको छ ।


## १.६ अध्ययनको संगठनात्मक ढाँचा :–

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायको स्नातकोतर तहमा अध्ययनरत समाज शास्त्र/मानव शास्त्र विषयको आंशिक आवश्यकता परिपूर्तिको निम्ति तयार पारिएको यो शोधपत्रमा सिन्धुली जिल्ला क.न.पा. वडा नं.-६ मा बसोबास गर्ने सुनुवार जातिको बारेमा गरिने यस अनुसन्धानलाई विभिन्न अध्याय तथा भागहरुले मागे अनुरुपको राखिएको छ । जुन निम्नलिखिन छन् :–

पहिलो अध्यायमा अध्यायको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, महत्व, सीमा र अवधारणात्मक ढाँचा राखिएको छ । त्यसैगरी अध्याय दोस्रोमा, सन्दर्भ साहित्यको पुनरावलोकन शीर्षक राखिएको छ । तेस्रो अध्यायमा यस अध्ययनको अनुसन्धान विधि राखिएको छ । त्यस्तै चौथो अध्यायमा यस अध्ययन क्षेत्र अन्तर्गत सुनुवार जातिको सामाजिक तथा आर्थिक अवस्था राखिएको छ ।

यस शोधपत्रको पाँचौ अध्यायमा सुनुवार जातिको धार्मिक तथा सांस्कृतिक जनजीवन उल्लेख गरिएको छ । त्यसैगरी छैटौं अध्यायमा यस अध्ययन क्षेत्रका सुनुवार जातिहरुको सामाजिक आर्थिक पक्षमा आएको परिवर्तनहरु उल्लेख गरिएको छ भने सातौं अध्यायमा यस अध्ययनको सारांश र निष्कर्ष उल्लेख गरिएको छ । अनुसन्धानको अन्त्यमा अध्ययन क्षेत्रमा सोधिएका विभिन्न प्रश्नहरु र अनुसन्धानमा सहयोग लिइएको विभिन्न कृतिहरुको नाम उल्लेख गरिएको छ ।

## १.७. अवधारणात्मक ढाँचा




माथिका अवधारणात्मक ढाँचा बाट के स्पष्ट हुन्छ भने सुनुवार जातिका परम्परागत कार्यबाट वर्तमान परिवेशमा आफूलाई तथा आफ्ना परिवारका जिवीकोपार्जन हुने नदेखेपछि उनीहरुले ती पुर्ख्यौली कार्यलाई विस्तारै छाड्दै आयश्रोत मुलुक कार्यहरुमा आकर्षित हुन थालेको देखिन्छ । अहिले यी जातिहरुमा आफ्नो शैक्षिक योग्यता अनुसार सरकारी तथा गैरसरकारी संघ संस्थामा काम गर्न थालेकाछन् । केही सुनुवारहरु आफ्ना पुँजी अनुसारको व्यापार व्यवसाय थालेकाछन् । कोही युवाहरु ब्रिटिश तथा इन्डियन आर्मीमा भर्ती भएर काम गरेकाछन् केहि युवाहरु वैदेशिक रोजगारीमा छन् भने केहि सुनुवारहरु परम्परागत कृषि तथा पशुपालनलाई अलि व्यवस्थित गरेर व्यवसायिक पशुपालन तथा वैज्ञानिक खेती गर्न थालेकाछन् जसले गर्दा उनीहरुको दैनिक जीवनशैलीमा परिवर्तन आएको देखिन्छ जसका कारकतत्वहरु चेतनाको वृद्धि, शिक्षा, आधुनिकीकरणको प्रभाव, विज्ञान तथा प्रविधिको प्रभाव, परिवर्तित समयको माग, राजनैतिक परिवर्तन आदि हुन् ।

# अध्याय – दुई
# सन्दर्भ साहित्यको अध्ययन

## २.१ परिचय

नेपाली समाजको विभिन्न पक्षहरुको अध्ययन १८ औं सताब्दिको अन्त्य तिरबाट शुरु भएको हो । यस समयमा ब्रिटिश कर्मचारी, यात्री, धर्म प्रचारक जस्तै कर्कपेट्रिक हेमिल्टन, हट्सन, फदर गूइसिप आदिले संकलन गरेको विवरणबाट समाजको विभिन्न पक्षको अध्ययन शुरु गरेको देखिन्छ । सन् १९५० देखि नेपाली समाजको विविध पक्षहरुमा थुप्रै समाजशास्त्री तथा मानवशास्त्रीहरुले सामाजिक संस्था तथा व्यवस्थाको वारेमा अध्ययन गरेको छन् । ऐतिहासिक मानवशास्त्रीय अध्ययन, जात व्यवस्थाको ऐतिहासिक प्रकृया, जनजातिय विवरणात्मक अध्ययन, द्धन्दात्मक एंव संरचनात्मक मोडेल, समाजशास्त्रीय/मानवशास्त्रीय ऐतिहासिक विधिबाट अध्ययन गरेका छन् । यसका साथै सामाजिक परिवर्तन, सांस्कृतिक द्धन्द आदि सामाजिक सर्वेक्षण आदिका आधारमा अध्ययन गरिएका छन् ।

नेपाल जनजातिय अध्ययनमा स्वदेशी तथा विदेशी विद्वानहरुबाट चासो २००७ साल पछि मात्र राख्न थालियो । यसरी अध्ययन गर्ने विदेशी विद्वानहरुमध्ये क्याप्लान (१९७०), रहेका छ । यसैगरी स्वदेशी विद्वानहरुमा डोर बहादुर विष्ट (१९९६), प्रा. गोपालसिह नेपाली (१९६५), डा. गणेशमान गुरुङ (१९९३), जनकलाल शर्मा (२०३९), नगेन्द्र शर्मा (२०५२), प्रा. ऋषिकेशव राज रेग्मी (१९९९), इमानसिंह चेम्जोङ "किराँत वेद" हर्क गुरुङ २०२७, पुर्णरत्न बज्राचाय "हाम्रा चाड पर्व" -२०२०, प्रयागराज शर्मा -१९७७, लोकमणी दहाल -किराँत जाति, मधुपर्क -२०३७, लामासिंह चेम्जोङ (१९६७), विक्रम बहादुर सुनुवार (किराँत जातको वंशावली) -२००७, टेक बहादुर सुनुवार (किराँत जाति उत्पति, भाषा, धर्म, संस्कृति) (२०६५), हुनुहुन्छ । विभिन्न समाजशास्त्री/मानवशास्त्रीहरुका साथै अन्य विद्वानहरुले सुनुवार जातिका अध्ययन गर्नुभएको छ । ती अध्ययन गरेको विषयहरुलाई यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

## २.२ सुनुवार जाति

सुनुवार जाति परापूर्व कालदेखि नेपालको हिमालय खण्डको दक्षिणी क्षेत्र पहाडी भू–भागमा बसोबास गर्दै आएको किराँत वशंको प्रमुख सूर्यवंशी जाति हो । यो नेपालको आदिवासी (indigenous) जाति हो । किराँत मध्येको वोल्लो किराँत भनेर यो जातिलाई चिनिन्छ भने माझ र पल्लो किराँत भन्नाले क्रमशः राई, लिम्बूलाई चिनिन्छ । सुनुवार जातिको वशांवलीमा उल्लेख भएको पाइन्छ । सुनुवार भनिनुको अर्थ, दुध कोशी देखि पश्चिम सुनकोशी देखि वार भित्र बसोबास एवं उक्त क्षेत्र भित्र आफ्नो इतिहासविदहरुको तर्क रहेको पाइन्छ (सुनुवार, २०१०) ।

सुनुवार जाति पृथ्वीनारायण शाहको उक्ती अनुसार चार जात (बाहुन, क्षेत्री, वैश्य, शुद्र) अन्तर्गत वर्णभित्र पर्ने आदिवासी जनजाति हो । किपटिया कामकारर्वाहीमा मुख्याको पद प्राप्त गरेकोले उक्त पदको जिम्बेवारी दिईएकोले अहिलेपनि सुनुवारलाई मखिया भनेर चिनिन्छ । नाम लेख्दा आफ्नो नाम पछाडि मुखिया भनेर लेख्ने चलन पनि छ (बिष्ट, १९६७) । सुनुवारहरु अहिले दश थरे र बाह्र थरे गरी विभाजित भएको पाइन्छ । यिनीहरु बीच भाषिक भिन्नताका साथै विवाह पनि चल्दैन । जिरेले र सुरेल पनि सुनुवार जातिभित्र कै हाँगा विगाँ भएको इतिहासकारहरु वताउदछन् । यिनीहरु शेर्पिनी र अन्य महिलाको गर्भबाट जन्मिएको अवधारणाहरु रहेको पाइन्छ भने ठाउँ विशेषले जाति परिवर्तन हुदैगएर सुनुवार देखि भिन्न जातिको रुपमा देखा परेको भन्ने भनाइहरु पनि पाइन्छ ।

सुनुवारहरुको आफ्नै मातृ भाषा (सुनुवार कुरा) छ । यो भाषा भोट चिनिया भाषा परिवार भित्र पर्दछ । प्राचिन कालमा छुट्टै लिपि भएको दाविगरेपनि हाल देवनागरीबाटै लेखन कार्य हुने गर्दछ । सुनुवारहरुलाई आफ्नो भाषा प्रति अघात प्रेम छ ।उनीहरु आफ्नो घरपरिवारमा आफ्नै भाषा प्रयोग गर्दछन् (कोइंच बुं, २०५३.१८) । सुनुवार जाति पूर्वी नेपालको सुनकोशी सम्म पूर्व दुधकोशी, पश्चिम अर्थात् पल्लो किराँतमा बसोबास गर्ने किराँत वशंको सुराली किराँत (सु–सुनुवार, रा–राई, लि–लिम्बु) मध्यको एक जाति हो ।

लोकप्रिय सुनुवारका अनुसार सुनुवारको ४ वटा हागां छन् १. बाह्र थरे २. दस थरे ३. सुरेल र ४. जिरेल । जिरेलले जिरेल सुरेलले सुरेल थर लेख्दछन् भने बाह्र थरे र दस थरे मात्र सुनुवार लेख्दतछन् । यसमा पनि आफ्ना बाह्रघरेको मातृभाषा सुनुवार भाषा बोल्दछन् भने दस थरेका मातृभाषा छैन र नेपाली भाषा नै प्रयोग गर्दछन् । कोइच बु (२०५३:१९) ।

बिक्रम बहादुर सुनुवार (२००७) र टिकाराम सुनुवारले किराँत जातको वंशावली (Kirat Geneology) मा किराँतहरुको उत्पत्ति मुक्ति क्षेत्रबाट भएको र तिनीहरु सूर्यवंशी भएको कुरा उल्लेख गरेको छन् । यस किम्वदन्ती अनुसार मुक्तिक्षेत्रमा एक जना सूर्यमण्डप नाम गरेका राजा थिए । उनका पाँचजना पत्नीबाट पाँच वटा छोरीहरु थिए जसमध्ये कान्छी छोरीको मात्र एक 'सुन्दरवीर' नामगरेका छोरा थिए । तिनै सुन्दरवीरका पाँच जना छोरा र तीन जना छोरी थिए र तीन पुस्तासम्म मुक्ति क्षेत्रमा वसे । सुन्दरवीरका छोराहरुको नाम लालसिंह, सुरसिंह, रामसिंह, मानसिंह र धनसिंह थियो ।

एकपटक हस्तीनापुरका राजाले मूक्ति क्षेत्रमा आक्रमण गरे जस्मा सुन्दरवीरका धेरै सन्तान मारिए । त्यस मध्ये केही त्यहाँबाट भागी नेपालको सिमरौणगढ भन्ने ठाउँमा आई झण्डै १५ पुस्तासम्म बसे । त्यस ठाँउमा पनि हिन्दु मुस्लिम युद्धको कारणले काठमाण्डौ हुँदै भादगाँउ (भक्तपुर) को राजाबाट अनुमतिलिई पाँचै भाईका सन्तानहरु हालको बनेपाको चण्डेश्वरीमा आइपुग्दा सवैले पिण्ड त्याग गरी पूर्वी नेपालको विभिन्न ठाउँमा गई किल्ला ठोकी बसे । त्यसमध्ये रामसिंहका सन्तान लिखूखोला र खिम्ती खोलामा बसोबास गरी सुनुवार कहलाइए ।

सुनुवार जातिको प्रचलित विश्वास अनुसार, सुनुवार जातिको तीन थरिको उत्पति जेठा माहिला र कान्छा तीन भाइदेखि भएको हो । जेठाका सन्तान सुनकोशी देखि उत्तर 'जिरी' र 'सिरी' 'जिरेल' 'सुरेल' भनिए । महिलाका सन्तान सुनकोशी पूर्वी फाँटमै रहेर बाह्र थरे भनिए र कान्छाका सन्तान दक्षिण पूर्वीतिर वढ्दै गएका र

आफ्ना जातिय गोलदेखि फरक हुन गएकोले उताका बहुसंख्यक राईहरुको वीच हराएर गएका छन् भने कुरा उल्लेख छ (सुनुवार टेकबहादुर २०६५) ।

सुनुवारहरु मगरहरु कै एक हाँगा हुन् । नेपालका आदिवासी राई, लिम्बु, जिरेल, सुरेल आदि जस्तै सुनुवार जाति पनि किराँत कै एक शाखा मानिन्छ । प्राचिन समयमा तन्त्रबाद वा झाँक्रीबादमा विश्वास राख्ने सुनुवारहरुले १८२६ सम्वतमा नेपाल र गोरखाली राजाको बीचको लडाईमा सुनुवारले ख्याति प्राप्त गरेपछि श्री ५ गीर्वाणयुद्ध वीर विक्रम र श्री ५ सुरेन्द्रले सुनुवारलाई जग्गा जमिनका साथ मुखियाको पद दिएका थिए र आफ्नै जातको पुजारी झाँक्री (नासो) बाट कर्मकाण्ड गराउने ब्राह्मण पाएका थिए (विष्ट,१९६७) ।

सुनुवारहरु थेप्चो नाक, चिम्सा (साना) आँखा, प्राय बाटुला अनुहार, थोरै मात्रामा दारी जुँगा भएका, नरम मिजासका तर शहासिला, आटिला तथा परिश्रमी हुन्छन् । यिनीहरुको समाज पुरुषप्रधान हुन्छन् तर नगन्य रुपमा महिलाहरुको सहभागिता पनि हुन्छन । यस जातिमा मागी विवाहको मुख्य स्थान रहेपनि प्रेम विवाह पनि प्रचलनमा आएको पाइन्छ । विधवा विवाह, जारी विवाहको त्यति नभएपनि मान्यता चाँही छ । बाल विवाह र बहुविवाह प्रति केही सचेत देखिए तापनि बालविवाह भने प्रचलित रहेको पाइन्छ । यिनीहरुको एउटै थरमा वैवाहिक सम्बन्ध जोड्न मिल्दैन । मेला जात्रा आदिमा रमाइलो सँग खाने पिउने र रमाइलो गर्ने यो जातिको विशेषता नै हो (सुनुवार टेक बहादुर) ।

सुनुवार जातिको परम्परागत पेशा 'शिकारी' ले जिविकोपार्जन गर्न धेरै कठिन भएकोले वर्तमान समयमा यिनीहरुको जीविकाको मुख्य श्रोत खेती, व्यवसायिक पशुपालन, वैदेशिक रोजगार, व्यापार व्यवसाय आदि जस्ता अर्थमुखी पेशा अवलम्वन गरेको पाइन्छ । यस अध्ययन क्षेत्रका सुनुवारहरु अधिकांश अर्कै जिल्लाबाट बसाइ सरी आएकोले खेतिपाती भने कम भएको र अर्काको अधिँया गरेर व्यवहार चलाएको देखिन्छ । पशुपालनमा मुख्यतया गाई, भैसिँ, बाखा , सुगुँर, वंगुर कुखुरा आदि पालेका छन् । (सुनुवार, विक्रम बहादुर, २००७)

परम्परागत सुनुवारहरुको भेषभुषा साधरण नै छ । पुरुष सुनुवारहरु दौरा सुरुवाल, कोट, छोटो छोटो ज्वारीकोट, कम्मरमा पटुकी समेत बुढापाकाहरुले कसेको पाइन्छ । महिलाहरु प्राय राताठुलो बुट्टा भएको फरिया, चौवन्दी चोलो लगाउछन् । नाकमा फूली, ढुङ्ग्री, बुलाकी, यारलिङ, चारन्नी आठनी कम्पनीका माला पोते नाडीमा सुन तथा चाँदिको चुरा लगाउछन् । भने अहिले नयाँ पिढीका युवायुवतीहरु आधुनिक कपडाहरु लगाउने गरेको  पाइन्छ । जसमा केटाहरु सर्ट, पाइन्ट, भेष्ट, हाफ पेन्ट, छालाका जुत्ता तथा पेटी लगाउछन् भने केटीहरु, कुर्था, सुरुवाल, भेष्ट, पेन्ट आदि लगाउने गरेको पाइन्छ । (सुनुवार सेवा समाज, २०६२)

सुनुवारहरुले १८८२ विं.सं अगाडि आफ्नै ज्वाईचेलाबाट सवै धर्म कर्म चलाउने गर्दथे । राजा गिर्वाणयुद्धबाट आदेश पाएपछि सुनुवारहरु हिन्दुधर्मावलम्बी बनेको हुन । बाहुन पुज्ने भए पनि कुलपूजा वा कुलपित्री बुझाउन आफ्नो जातिकै नासो - पुजारीबाट कुल पित्री बुझाउने गर्दछन् यो जाति दशै, तिहार, चैते दशै, नागपंचमी, तीज, चण्डीपूर्णिमा वायुपूजा, सिकारी पूजा आदिको पूजा गर्दछन् । विभिन्न देवीदेवताको पूजा आजा गरी मनकामना पुराहोस् भनी राँगो, बोका, पाठी, भाले, परेवा आदि भाकल गर्ने र हिन्दु धर्म अनुसार सत्यनारायण महादेव आदिको पुजा घरमा नै गर्ने गरेको पाइन्छ । यो जाति आफ्नो धर्म र संस्कृति प्रति पूर्ण आस्थावान छन् । (कोइचबुं, २०५५) ।

यस जातिमा छोरी जन्मे सातदिनमा छोरा जन्मे १० वा १२ दिनमा न्वारानको कार्य गरिन्छ जसलाई सुपुरो भनिन्छ । वच्चा जन्मेपछि विभिन्न प्रकृयाहरुबाट छैटी न्वारान, भातखुवाई, पास्नी आदि संस्कारहरु पुरा गर्दै जान्छन् । यस जातिमा मागी विवाहको प्रचलन बढी छ । आधुनिक परिवेशमा प्रेम विवाह, अन्तरजातिय विवाह, पनि लोकप्रिय हुदै आएको छ । पहिला धामी झाँक्रीबाट विवाह गराइन्थ्यो भने हाल बाहुन (पुरेत) बाट गराइन्छ । सुनुवारहरुको आफ्नो परम्परागत जातिय विवाहका संस्कारहरुलाई विस्तारै छोड्दै अरु जातिको विवाह जस्तै गरी गर्ने चलनको विकासले आफ्नो संस्कार तथा संस्कृति विस्तारै लोप हुदै गएको पाइन्छ । ( सुनुवार, लोकप्रीय २०५३)

# अध्याय – तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्रको छनौटको औचित्य

यो अध्ययन क्षेत्र नेपालको मध्ये पहाडी क्षेत्र सिन्धुली जिल्लाको सुनुवारहरुको वस्ती रहेको कमलामाई नगरपालिका वडा नं. - ६ लाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । यस अध्ययन क्षेत्रमा अन्य जाति, धर्म, संस्कृतिको प्रभावले गर्दा सुनुवारहरुको मौलिक संस्कारहरु भने लोप हुदै गएको पाईन्छ । तैपनि परिवर्तित अवस्थामा यस अध्ययन क्षेत्रका सुनुवारहरुको विविध सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षमा आएको परिवर्तन थाहा पाउनको लागि यो क्षेत्र छनौट गरिएको हो । यस क्षेत्रलाई छनौट गर्नुमा प्रमुख कारणहरु निम्न बमोजिम छन् :-

- यस सुनुवार जातिको बारेमा आज सम्म समाजाशास्त्रीय/मानवशास्त्रीय अध्ययन अनुसन्धान नगरेकोले ।
- यो सुनुवार जातिको वीच शोधकर्ताको राम्रो सम्बन्ध भएकोले ।
- यस जातिको सामाजिक साँस्कृतिक जानकारी हाँसिल गर्ने उत्सुकता भएकोले ।

## ३.२ अनुसन्धानको ढाँचा

कुनै पनि विषयको आधी र अन्त हुन धेरै गाह्रो पर्दछ । त्यस्तै सुनुवार जातिको बारेमा गरिने अध्ययन पनि थोरै अर्थात छोटो समयमा र कम साधन र स्रोतमा यस जातिहरुको बारेमा गहिरिएर सबै जान्न चाहन्छु भन्न खोज्नु असम्भव प्राय हुन जान्छ । त्यस्तै सुनुवाहरुको बारेमा थोरै मात्र अध्ययन गरिएको र यिनीहरुबारे कतिपय कुराहरु अदृष्य नै रहेकोले यो अध्ययन विधिमा प्रारम्भीक, वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ समग्र नमुना छनोट

सुनुवार जातिहरुको बसोबास भएको क.न.पा. ६ रातमाटालाई अध्ययन क्षेत्रको रुपमा छानिएको छ । यस वडामा सुनुवार जातिको कुल घरधुरी ३३ रहेको र कुल जनसंख्या १८३ रहेका छन । यस वडामा रहेको सम्पूर्ण कुल ३३ सुनुवार घर मुलीहरुलाइ आवश्यकता अनुरुप आफूले तयार गरेको निर्मित चेक लिष्टको आधारमा सोधी परिणात्मक तथ्यहरु संकलन गरिएको छ । यसरी प्रश्न सोध्ने क्रममा प्रसङ्गबस थप अनिर्मित प्रश्नहरु पनि सोधी तथ्य संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको श्रोत र स्वरुप

### ३.४.१ प्राथमिक श्रोत

यस अध्ययनका निमित्त प्राथमिक श्रोताबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक श्रोत अन्तर्गत प्रश्नावली, अन्तरवार्ता, सहभागी अवलोकन - निरीक्षण आदि माध्यमबाट निर्मित चेक लिष्टको आधारमा तथ्याङ्कहरु संकलन गरिएको छ । यस्ता तथ्याङ्कहरु स्थलगत सर्वेक्षणमा आधारित छन् र यी तथ्याङ्कहरुले व्यक्तिको धारणा,ज्ञान,मनोबृत्ति बुझ्न सहयोग पुऱ्याएका छन् ।

### ३.४.२. द्वितीय श्रोत

द्वितीय श्रोतबाट तथ्याङ्क लिने क्रममा विभिन्न निकायहरुलाई आधार वा माध्याम बनाईएको छ । जस्तै केन्द्रिय तथ्याङ्क विभाग, सम्बन्धित गाउँ विकास समितिमा रहेका अभिलेख, विभिन्न पत्रपत्रिका र पुस्तकहरु आदिबाट तथ्याङ्क संकलन गरिएको छ भने यस जातिको संस्था सुनुवार सेवा समाज बाट प्रकाशित विभिन्न लेख रचनाहरु र यस जातिका बारेमा लेखिएका प्रायः सबै जसो उपलब्ध पुस्तकलाई पनि आधार बनाइएको छ । यसरी आधार बनाइएका पुस्तकहरु तथा पत्रपत्रिकाहरुको नाम सन्दर्भ ग्रन्थ सूचीमा उल्लेख गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्यमा तथ्याङ्क संकलन विधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अध्ययनमा आशा गरे अनुसारको परिणाम पनि त्यसै अध्ययनमा आधारित तथ्यसंकलन विधिहरुमा निर्भर रहन्छ । जुन सुकै अध्ययनको लागि पनि सही तथ्याङ्क संकलन गर्ने काममा तदनुकुल विधिको आवश्यकता पर्दछ । यस अध्ययन क्रममा पनि प्रर्याप्त समय सम्बन्धित अध्ययन क्षेत्रमा बसी त्यहाँका बासिन्दाहरुसँग घुलमिल भई अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ । प्राथमिक श्रोत अन्तर्गत तथ्याङ्क संकलन गर्न निम्न बमोजिमका विधिहरु अपनाइएका छन् ।

### ३.५.१ अनुसूची अन्तरवार्ता

अन्तरवार्ताको महत्वलाई यस शोध पत्रमा दृष्टिगत गरी सामाजिक, साँस्कृतिक, आर्थिक, धार्मिक, शैक्षिक आदि पक्षसँग सम्बद्ध तथ्यहरुको संकलन गर्न यो पद्धतिको प्रयोग गरिएको छ । प्रत्यक्ष अन्तरवार्ता प्रश्नहरुको अनुसूची बनाएर त्यसको आधारमा सम्पन्न गरिएको छ । प्रत्यक्ष अन्तरवार्ता प्रश्नहरुको अनुसूची उत्तरदाताको सरलता र बोधगम्यता साथै अध्ययनको उद्देश्लाई समेत ध्यान दिई तयार गरिएको छ । यस अध्ययनमा तथ्याङ्कको वास्तविकतालाई मध्यनजर गरी शोधकर्ता स्वयमले अध्ययन क्षेत्रका सुनुवार घरपरिवार संग प्रत्यक्ष सम्पर्क राखी तथ्यहरु संकलन गर्ने काम भएको छ ।

यस पद्धतिबाट व्यक्तिमा रहेका धारणा वा विचार, मान्यता, चाहना र भविष्य प्रतिको दृष्टिकोण आदिका बारेमा समेत तथ्य संकलन गरिएको छ । शोध कर्ता र सम्बन्धित व्यक्तिहरु वीच अन्तरक्रिया गर्दा तथ्याङ्कहरु विश्वासनीय भएका छन् । साथै अनुसन्धानको क्रममा शोधकर्ता स्थानीय वासिन्दाको कारणले यस कार्यलाई थप मद्दत पुगेको छ ।

### ३.५.२ सहभागी निरीक्षण

सामाजिक अनुसन्धानको क्रममा अवलोकनको आफ्नै किसिमको महत्व रहेको हुन्छ । प्रस्तुत अध्ययनमा सुनुवार जातिको सामाजिक विधि व्यवहार, आर्थिक अवस्था, रहनसहन, चाडपर्व, भाषा, खानपान र दैनिक जीवन पद्धति आदि बुझ्ने कामको लागि अनुसन्धानकर्ता आफै सहभागी भई तथ्याङ्क संकलन गरिएको छ । यस पद्धतिको प्रयोगबाट संकलित तथ्यलाई बढी भन्दा बढी भरपर्दो बनाउने प्रयास गरिएको छ । प्रत्यक्ष रुपमा सम्बन्धित जातिसँग सामेल भई तथ्याङ्क संकलन गरिएको हुनाले गहन एवं शुक्ष्म अध्ययनमा मद्धत पुगेको छ ।

### ३.५.३ अन्तरवार्ता

अनुसन्धानको क्रममा विभिन्न पक्षका बारेमा त्याहाँका शिक्षक, स्थानीय नेता तथा गाउँका जान्ने सुन्ने व्यक्तिबाट जानकारी लिइएको छ । यस जातिको धर्म, संस्कृत बारे नयाँ पिँढीका युवा युवतीमा प्रयाप्त जानकारी नभएकोले बुढा पाकाहरुबाट धर्म, पूजा आजा, चाड पर्व देवदेवी र उनीहरुको जीवनको महत्वपूर्ण पक्षको बारेमा जानकारी लिइएकोछ ।

## ३.७ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

अध्ययन अनुसन्धानको सफलता संकलन गरिएको तथ्याङ्कहरुको प्रभावकारी विश्लेषण तथा प्रश्तुतिकरणमा भर पर्दछ । यसरी सुनुवार जातिको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक आदि पक्षहरुको अध्ययनको लागि संकलित तथ्याङ्कहरु प्रकृति अनुसार वर्गिकरण गरी विश्लेषण गर्दा गणक यन्त्र ९अबअिगबितयच० र हस्त तालिकीकरणको सहयोग लिइएको छ । यसरी विश्लेषण गर्दा निकालिएको तथ्यगत कुराहरु प्रस्तुत गर्दा वर्णनात्मक पक्षमा बढी जोड दिएको भएता पनि विश्लेषणात्मक पक्षलाई पनि आवश्यक्ता अनुसार स्थान दिएको छ ।

## ३.८ तथ्याङ्क संकलनमा देखापरेका समस्याहरु

कुनै पनि सोध कार्य सम्पन्न गर्नु सहज र सरल अवश्य हुदैन । त्यसमा पनि एउटा विद्यार्थीले आफ्नो निजी खर्चमा कम समयमा र जनशक्तिको अभावमा वाध्यात्मक रुपले शोधपत्र तयार पार्ने काम अवश्य पनि कठीन कार्य नै हो । कतिपय सोधकार्यमा श्रोत, साधन, जनशक्ति, समय आदि भएर पनि अनुसन्धानको शिलशिलामा कतिपय कठिनाईहरु महत्व र आवश्यक्ताबारे त्यहाँका बासिन्दाहरु अनविज्ञ रहेको कारणले शोधकर्तालाई पहिले नै प्रत्येक घरमूलीलाई अध्ययनको औचित्य र आवश्यकताबारे बताउनु परेकोले बढी समय लागेको थियो । कुनै पनि व्यक्तिले आफ्नो जातिको बारेमा वा परम्परागत मूल्य र मान्यताहरु, पारिवारीक विवरण, आयको विवरणबारे प्रश्नगर्दा अवश्य पनि हिच्किचाउ छन् ।

यस जाति सम्बन्धी लेखिएको लेख रचना तथा पुस्तकहरु यथेष्ट मात्रमा नहुनु, यस जातिको बारेमा यस भन्दा अघि शोध अनुसन्धान नहुनु प्राप्त लेख रचनाहरु पनि सही र प्रष्ट नहुनु आदि कारणले पनि आवश्यक तथ्याङ्कहरु उपलब्ध हुन गाह्रो परेको थियो । यस जातिका बारेमा आफ्नो वास्तविक जमिनको क्षेत्रफल थाहा नहुन,वास्तविक उत्पादनको परिणाम थाहानहुनु र वास्तविक आयको विवरण थाहा नहुनुको कारणले पनि कतिपय विवरण हचुवा खालका दिएका  छन् ।

# अध्याय–चार

# सामाजिक तथा आर्थिक अवस्था

## ४.१ सामाजिक अवस्था

अध्ययन क्षेत्र कमलामाई न. पा. वडा नं. ६ मा पनि विभिन्न जातिहरु जस्तै क्षेत्री ब्राह्मण, भुजेल, मगर, तामाङ, सार्की, नेवार, दमाई, कामीको बसोबास रहेको छ । यी सबै जात जातिमध्ये केहिले हिन्दु धर्म, केहिले बौद्ध धर्म र केहिले क्रिश्चियन धर्म अवलम्वन गरेका छन् । सुनुवार जाति जनसंख्याको आधारमा यो वडामा पाँचौ स्थानमा रहेको छ । आफ्नै भाषा, परम्परा, रहन सहन, रितिरीवाज तथा संस्कार बोकेको यो जाति समग्रमा निम्न मध्यम वर्गिय एक जाति हो । यस क. न. पा. ६ मा विभिन्न जात जातिहरु वीच अनेकतामा एकताको एउटा सुन्दर उदाहरण दिदैं बसोवास गरेको पाइन्छ । यस अध्ययनमा सुनुवार जातिको सामाजिक अवस्था हेर्ने प्रयास गरिएको छ ।

## ४.२ जनसंख्या

कुनै पनि समाजको जनसंख्याको संरचनाले त्यस क्षेत्रको सामाजिक क्रियाकलापमा प्रभाव पार्दछ । यस जनसंख्याले देशको आर्थिक राजनैतिक तथा सामाजिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेल्दछ । प्राचिनकालदेखि बसोबास गर्दै आएको सुनुवार जातिहरुलाई अन्य जातिहरुको बसोबासको तिव्रताले विस्थापित नगर्ला भन्न सकिन्न । यस क.न.पा. ६ मा कुल घर धुरी संख्या ३३ र जम्मा जनसंख्या १८३ छन् । (स्थलगत सर्वेक्षण)

## ४.३ सुनुवार जातिको भाषा

सुनुवार भाषा भोट र चिनियाँ अर्थात भोट बर्मेली (टिबेटो बरमन) परिवारको हिमाली वर्गका उत्तर पश्चिमी भाषाहरु मध्ये एक हो । सुनुवार भाषाको

लिपि छैन तर यसको लिपीमा प्रारम्भिक कार्य स्व. कर्ण बहादुर सुनुवार द्वारा पुराभएको जानकारी राजेन्द्र कुमार सुनुवारले गराउनु भएको छ । जुन लिपीको हालको वास्तविकता परिवर्तन गर्न कैयौं सुनुवारहरु आफैमा विवादग्रस्त छन् । परिणामस्वरुप यो भाषा आज पनि "देवनागरी लिपिमा" नै लेखिदै आएको छ । सुनुवार भाषामा लेखिएको कविता, कथा, पत्रपत्रिकाहरु सुनुवार समाजद्धारा प्रकाशित हुने "कोइँच बुँ" मा अध्ययन गर्न पाइन्छ । भौगोलिक कारणले गर्दा एक ठाउँका सुनुवार र अर्को ठाउँका सुनुवार बीच भाषिक असमानता पाइन्छ ।

**सुनुवार भाषाका केही शब्दहरु र अर्थहरु यस प्रकारका रहेका छन्**

| सुनुवार भाषाका केही शब्दहरु | | सुनुवार भाषाका केही वाक्यहरु | |
|---|---|---|---|
| सुनुवार | नेपाली | सुनुवार | नेपाली |
| गो | म | एक पिउ | यहाँ आउ |
| गाई | तिमी | गो खि लाइनु | म घर जान्छु |
| मेको | त्यो | गो खमे जाइनुङ | म भात खान्छु |
| याको | यो | मे को आँके वाच | त्यो मेरो साथी हो |

अहिलेका नयाँ पिँढीका युवा पुस्ताले आफ्नो भाषालाई खासै बोलीचालीमा ल्याएको देखिदैन भने बुढापाकाहरु भने आफ्नो जातिका मानिसहरुसँग भने सुनुवार जातिका भाषा नै बोल्छन् । यसरी सुनुवार भाषामा पनि बाह्य प्रभाव वा अन्य भाषाको प्रभाव परेको पाइन्छ । अहिलेको बढदो अंग्रेजीका कारणले गर्दा पनि सुनुवार भाषा विस्तारै लोप हुदै गएको पाइन्छ । यसरी नयाँ पुस्ताले आफ्नो मातृभाषालाई विस्तार गर्दै जाने हो भने एक दिन सुनुवार भाषा यस समुदायबाट नै निमिट्यान्नै हुने खतरा देखिएको छ । (सुनुवार सेवा समाज २०६२)

## ४.४ सुनुवार जातिका पूजाआजाहरु

सुनुवार जाति धर्म र संस्कारहरुको एक धनी जात हो । पूजा आरधना अन्तर्गत देवीदेवताहरुको पूजाआजा गरिने प्रचनल अनुसार यस जातिमा देवीदेवताहरुको पूजा तीन प्रकारले गरिन्छ ।

- कोरा पूजा
- बली पूजा
- देवा पूजा

### ४.४.१. कोरा पूजाः-

कोरा पूजा भन्नाले बली नदिएर हिन्दु धर्मालम्वीहरुले गर्ने पूजाआजा जस्तै रुद्री, महारुद्री सप्ताहा तीर्थ, सत्यनारायणको पूजा आदिका साथै बाह्रै महिनामा पूजाआजा गर्नुपर्ने देवदेवीको पूजाआजा गरिन्छ । तर विस्तारै यो कोरापूजाको चलन पनि विस्तारै छाड्दै गरेको पाइन्छ ।

### ४.४.२. बली पूजाः-

सुनुवार जातिमा बली पुजाको प्रचलन पनि पाइन्छ जन्म मृत्यु आदिमा बली पूजा गर्ने परम्परा यस जातिमा पाइन्छ । इष्ट देवताा,कुल देवतालाई चण्डी तथा गील पुजामा भेडा, सुगुर, राँगो, बोको पाठी, परेवा, हाँस, कुखुरा, अण्डा आदि गरी ३६० किसिमको भोगदिने रीति छ । बली पुजागरी सुस्वस्थ्य, दीर्घायु, धनधान्य हुने, रोगव्याधी हट्ने, खण्ड बृष्टि, अनावृष्टि, अतिवृष्टि नहुने गाउँदेखि राष्ट्रसम्म शान्तिरहोस भनी आरधनागरी बरदान भाग्ने परम्परा छ । विभिन्न देवदेवीको पूजामा बली दिने चलन यथाबतै रहे पनि मृत्यु संस्कारमा बली दिने प्रचलन विस्तारै

परिवर्तन भएको पाइन्छ । देवा पूजाः- सुनुवार जातिले हिन्दु धर्म मान्दै आए पनि आफ्नो जातिय संस्कारहरु जस्तै धामी झाँक्री तथा पूजारीहरुद्धारा गराइन्छ ।

### ४.४.३. देवा पूजा

सुनुवार जातिले हिन्दु धर्म मान्दै आएपनि देवापुजा अन्तर्गत आदार, पिदार देखि लिएर कुलथानी, मुलथानी याब्रे गब्रे, लागापर्गी, सिदा, किकी, फोलदेवा किकी लगाएत सबै देवदेवीलाई देवा अनुसार विविध सामग्रीले पूजा आरधना गर्ने गरेको पाईन्छ । (कोइचबुँ २०५५ : ८)

## ४.५ सुनुवार जातिको सामाजिक संगठन

कुनै पनि जातिय सामाजिक समुहमा आफ्नै प्रकारको सामाजिक संगठनको विकास भएको हुन्छ । त्यस सामाजिक संगठनको स्वरुपमा त्यस समुदायको आफ्नो स्वरुप वा विशेषता झल्कन्छ । समाजका प्रत्येक सदस्यहरुले आफ्ना परिवार मार्फत समाजका मुल्य, मान्यता, चालचलन र व्यवहारलाई सिकेर सोही अनुरुपको व्यवहार गर्दछ । व्यक्ति समाजबाट बाहिर बस्न सक्दैन । यसरी सुनुवार जातिको सामाजिक संगठनको स्वरुपलाई हेर्दा यो समुदायको पनि आफ्नै प्रकारको सामाजिक विशेषता संगठन भित्र परिवार, व्यक्ति, समुह नेतृत्व नातेदारी रहन सहन, भाषा साहित्य आदिलाई उल्लेख गर्न सकिन्छ ।

## ४.६ परिवार

सुनुवार समुदायमा पनि प्रायः गरी एकात्मक परिवार रहेको छ । यस जातिमा विवाह नभएसम्म बाबु आमा, छोराछोरीसँगै रहन्छन् भने विवाह पश्चात छोरा बुहारीलाई छुट्याइ दिने चलन रहेको पाइयो । यस समुदायमा सुनुवारहरुको परिवार पितृसत्तात्मक परिवार भएको हुनाले पुरुष प्रधानता भने रहेको छ । घरभित्रको सबै व्यवहार महिलाको महत्वपूर्ण भूमिका रहन्छ भने बाहिरको कामको जिम्मेवार पुरुष रहन्छन् । यसरी समग्ररुपमा हेर्दा सुनुवार समुदायमा सकारात्मकपरिवारको प्रधानता रहेपनि एक आपसमा साइनो अनुसारको मानमर्यादा आदरकदर र सम्मान गर्ने जस्ता क्रियाकलाप कायम रहेको पाइन्छ ।

**तालिका नं -१**

**सुनुवार जातिको घरमुलीको आधारमा विवरण :**

| घरमुली | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | २३ | ६९.६९ |
| महिला | १० | ३०.३० |
| जम्मा | ३३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण – २०६९

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि सर्वेक्षण गरिएको ३३ घरधुरी मध्ये २३ घरमा घरमुली पुरुष छन् भने १० घरमा घरमुली महिला छन् । ती मध्ये पनि कसैको श्रीमान कामको सिलशिलामा बाहिर छन् भने कसैको मृत्यु भइसकेको पाइयो ।

## ४.७ नातेदारी व्यवस्था

मानिस जन्मने वित्तिकैदेखि पारिवारीक नाता वा सामाजिक सम्बन्धमा बाधिन्छ । नाताले वंशज र जैविक सम्बन्ध मात्र नराखी निश्चित क्षेत्रभित्र भंएको दायित्व तथा अधिकार पनि निर्धारित गर्दछ । मानिसले नाता दुई प्रकारले प्राप्त गर्दछ : जन्मगत र संस्कारगत । यस्तै गरी यो सुनुवार जातिमा पनि वैवाहिक जस्ता नातेदारी व्यवस्था रहेको हुन्छ । जसले गर्दा  यो नातेदार सम्बन्धले व्यक्ति जति टाढा रहेपनि एक आपसमा सहयोगको भावना रहेको हुन्छ । पारिवारिक तथा सामाजिक कार्यहरुमा एकअर्कामा तथा नातेदारीमा निम्तो दिने र निम्तो अनुसार भोजभत्तेरमा जाने चलन सुनुवार जातिमा पाइयो ।

## ४.८ नारीको स्थान

यस जातिमा पनि पितृसतात्मक परिवारको विशेषताहरु पाइन्छन् । घर भित्रको व्यवहार सबै महिलाले मिलाउनु पर्छ भने बाहिर गर्ने कामहरु प्राय: पुरुषहरुले गर्दछन् । परिवारमा प्राय पुरुषहरुको अधिकार बढी भए पनि यस जातिका महिलाहरु अरु जातिको महिलाहरु भन्दा निर्णय प्रकृयामा अगाडि देखिन्छन् तर पनि

अशिक्षित, बेरोजगार, कमजोर आर्थिक अवस्थाका कारण पुरुष भन्दा पनि पछाडि परेको देखिन्छ ।

## ४.९ स्वास्थ्य

यिनीहरु बिरामी हुँदा सर्वप्रथम धामी झाँक्री लाई देखाएर अन्तिममा अस्पताल लग्ने चलन अझै पनि छ । धामी झाँक्रीबाट उपचार गराउनु सुनुवार जातिको पुरानो चलन हो र अझै पनि भुतप्रेतमा विश्वास गर्दछन् । अहिले पनि कसैलाई रोग लागेमा भुतप्रेत लागेको विश्वासमा फूल, अक्षता भेटी टपरीमा हालेर मन्छाउने र भाकल गर्ने चलन अझै पनि यो जातिको समाजमा पाइन्छ । अन्तिम अवस्थामा अस्पताल जाने गरेको कुरा उत्तरदाताहरु बताउनु हुन्छ ।

**तालिका नं -२**

**सुनुवार जातिले विरामी हुँदा गरिने उपचार पद्दतिको विवरण :**

| उपचारको तरीका | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| झाँक्री लगाउँने | ५ | १५.१५ |
| वैद्यको औषधि प्रयोग गर्ने | ७ | २१.२१ |
| अस्पताल जाने | १८ | ५४.५४ |
| अन्य | ३ | ९.०९ |
| जम्मा | ३३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण – २०६९

माथिको तालिकाबाट यो स्पष्ट देखिन्छ कि सुनुवार जातिमा बिरामी हुदा ५४.५४% परिवार संख्या अस्पताल जाने गरेको पाइन्छ भने अझै पनि केही सुनुवारहरु धामी झाँक्रीमा विश्वास गर्ने र बैद्यको औषधी समेत प्रयोग गर्दै आएको पाइयो ।

## ४.१०. आर्थिक अवस्था

यिनीहरुको आर्थिक स्थिति र जीवन पद्धति कृषि, पशुपालन, ब्यापार र बैदेशिक रोनगारीमा आधारित रहेको छ । कम जमिन त्यसमा पनि उर्वरा तथा उत्पादनको कमिले गर्दा वर्षभरी  खान पुग्नेको संख्या न्युन रहेको छ । यो जातिमा बन्द व्यापार सामान्य रुपमा पाइन्छ । यँहाका सुनुवारहरुमा केही सुनुवार वैदेशिक

रोजगारमा संलग्न भएर आफ्नो आर्थिक अवस्थालाई परिवर्तन गरेको पाईन्छ । अधिकांश सुनुवारहरुको आर्थिक स्थिति सन्तोषजनक अवस्थामा देखिन्छ ।

**तालिका नं -३**

**सुनुवार जातिको पेशागत बिवरण यसप्रकार छन् :**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| खेती | १० | ३०.३० % |
| बैदेशिक रोजगार | १२ | ३६.३६ % |
| नोकरी | ८ | २४.२४ % |
| अन्य | ३ | ९.०९ % |
| **जम्मा** | **३३** | **१०० %** |

स्रोत : स्थलगत सर्वेक्षण – २०६९

माथिका तालिकाबाट यो स्पष्ट हुन्छ कि यस जातिका ३६.३६% मानिसहरु बैदेशिक रोजगारमा देखिन्छ भने खेति र नोकरीमा क्रमश ३०.३०% र २४.२४% संलगन रहेको पाइयो । यसरी वैदेशीक रोजगारबाट धेरै सुनुवारहरुले जिविकोपार्जन गरेको पाइयो ।

## ४.११ कृषि

सुनुवार जातिको पुर्ख्यौली पेशा शिकार खेल्नु भएपनि समयको परिवर्तनको साथसाथै यस क्षेत्रका सुनुवार जातिले पनि आफ्नो मुख्य पेशा खेती बनाइसकेका छन् । यस बाहेक पशुपालन पनि यस जातिको सहायक पेशा बनिसकेको छ । यिनीहरुले परम्परागत रुपमा गर्दै आएको कुटीर उद्दोग वा डोका, डाला, चित्र ( बाँसबाट बन्ने सामग्रीहरु), लुकुनी, राडीपाखी आदि बन्ने जस्ता कार्यहरु विस्तारै लोप भइसकेको छ ।

हाल आएर यो जाति खेतीपाती, पशुपालन, ज्यामी, मजदुरी, कही मात्रमा स्वदेशी तथा विदेशि रोजगार, गलैचा गार्मेन्टमा काम गरी जीवन निर्वाह गर्ने गरेको पाइन्छ । कृषि नै मुख्य पेशा भएको छ । खेतीपातीबाट धान, गहुँ, मकै, कोदो, आलु, फपर, भटमास उत्पादन गर्दछन् र सागसब्जी अन्य तरकारी फलफूल पनि उत्पादन गर्ने गरेका छन् तर यी फलफुल र तरकारी विक्रीको लागि बजारको खासै

व्यवस्था नभएकोले आयआर्जन हुन सकेको देखिदैन । पशुपालन गाई, भैसी, गोरु, सुङ्गुँर, खसी, बोका, भेडा, कुखुरा आदि पाल्ने गर्दछन् । उत्पादित वस्तुहरुबाट वर्षभरी जीवन निर्वाह गरेको देखिन्छ ।

**तालिका नं.-४**

**सुनुवार जातिको जमिनको आधारमा विवरण :**

| आवाद गरेको जमिन | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| १–५ कट्ठा | २० | ६०.६० |
| ६ – १० कट्ठा | ९ | २७.२७ |
| ११ – १५ कट्ठा | ३ | ९.०९ |
| १६ – माथी | १ | ३.०३ |
| जम्मा | ३३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण – २०६९

माथिको तालिकाबाट यो स्पष्ट हुन्छ कि यस अध्ययन क्षेत्रका सुनुवार जातिहरुमा धेरै जग्गा जमिन रहेको पाइएन । १-५ कट्ठा जमीन हुने सुनुवारहरु ६०.६०% प्रतिशत छन् भने ६-१० कट्ठा हुने २७.२७% छने धेरै जमिन भएका सुनुवारहरुले आफ्नो जमिनमा तरकारी, कोदो, फलफुल र अन्य वालि लगाएको पाइयो ।

**तालिका नं -५**

**सुनुवार जातिको पशुपँक्षीको आधारमा विवरण :**

| पशुपँक्षी | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| भैसी | १ | ३.०३ |
| कुखुरा | २० | ६०.६० |
| बंगुर | ३ | ९.०९ |
| खसी/बाखा | ९ | २७.२७ |
| जम्मा | ३३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण – २०६९

माथिको तालिकाबाट के देखिन्छ भने यी जातिका ६०.६०% मानिसहरु व्यावसायी कुखरा पालन तर्फ आकर्षित देखिन्छन भने खसी बाखा पालनमा २७.२७%, बङगुर पालनमा ९.०९% र भैसी पालनमा ३.०३% लागेका देखिन्छ ।

# अध्याय–पाँच
# धार्मिक तथा सांस्कृतिक जनजीवन

## ५.१ परिचय

नेपालमा सुनुवार जातिका मानिसहरु प्रायः सबै जिल्लामा बसोबास गरेको पाइन्छ । यिनीहरुलाइ हेर्दा शारीरिक रुपमा मंगोलियन विशेषताहरुसँग धेरै मेल खान्छ । यिनीहरुको आफ्नै भाषा संस्कृति परम्परा र विशेषताहरु पाइन्छन् । यिनीहरु अल्पसंख्यक रुपमा भएपनि आफ्नो धार्मिक र सांस्कृतिक परम्पराहरुलाई जोगाई राख्ने प्रयास गरेको पाइन्छ ।

## ५.२ सामाजिक शिष्टाचार

सुनुवारहरु अति मिलनसार स्वभावका हुन्छन् । यिनीहरु आफूभन्दा ठूला र पाहुनाहरुको ज्यादै सम्मान गर्दछन् । शान्त, सहनशील, नम्र, सरल, परिश्रमी, मृदुभाषी हुनुका साथै प्रचुर रिसलाई विर्सेर आत्मीय व्यवहार गर्नु यो जातिको जातिय गुण हो । आफ्ना पाहुनाहरुलाई भगवान सम्झेर ऋण गरेर भएपनि स्वागत सत्कार गर्नुको साथै विभिन्न सामाजिक संस्कारहरुमा निम्ता गरी उचित आदर र सत्कारका साथ खाना खुवाई, नाचागान गरी रमाइलो गर्ने गर्दछन् ।

## ५.३ भोजन तथा पेय पदार्थ

सर्वेक्षणको अवस्थामा क.न.पा. ६ मा सबै प्रकारको खाद्यान्न जस्तै : धान, मकै, कोदो, गहुँ, आलु, फापर, आदिको उब्जनी हुने भएकोले दाल, भात, तरकारी मकैको च्याख्ला, कोदो, गहुँ मकैको पीठोबाट ढिडो वा रोटी बनाएर खाने गरेको पाइन्छ । बोकाखसी, बंगुर, राँगा, कुखुरा, हाँस पालेर कहिले मासु खाने र कहिलेकाही अण्डा, मासु विक्री पनि गर्दछन् । सुनुवारहरु गाई, भैसी पाल्ने गर्दछन् र दूध, दही, मोही आदि खाने गर्दछन् । सुनुवारहरुको लागि जाँड तथा रक्सी अति

आवश्यक हुन्छ । यो जातिमा पुरुषको साथै महिला पनि जाँड, रक्सी खाने गर्दछन् । कुनै पनि धार्मिक कार्य जस्ता चण्डीपूजा, फालो जस्ता पूजाआजाको लागि पहिले नै जाँड, रक्सी तयार बनाएर राख्ने गर्दछन् ।

सुनुवार जातिको विवाह, वर्तमान जस्ता सामाजिक संस्कारहरुमा पनि जाँड-रक्सीलाई मुख्य पेय पदार्थको रुपमा प्रयोग गर्दछन् । देव-देवीको पूजामा रक्सी जाँड चढाउने गर्दछन् । कुनै पनि पाहुनालाई सर्वप्रथम रक्सीले स्वागत गर्दछन् । यसरी जुनसुकै कार्य गर्दा पनि जाँड, रक्सी र निगार आदिको प्रयोग गर्नु जरुरी भएकोले भात खाने अन्न रक्सी तथा जाँडमा खर्च गर्ने भएकोले कुनै परिवारमा वर्षभरी खान पनि धौ धौ भएको हुन्छ । आफूसँग नभएपनि ऋण गरेर भएपनि फजुल खर्च बढी गर्ने भएको कारणले यो जातिमा गरिबीको संख्या बढी रहेको पाइन्छ ।

## ५.४ भेषभुषा र गरगहना

सुनुवार लोग्ने मानिसहरु दौरा सुरुवाल र छोटो इष्टकोट, ढाकाको टोपी लगाएर कम्मरमा पटुका बाँधी दाप सहितको खुकुरी भिर्ने गर्दछन् भने महिलाहरुले मखमलको चौबन्दी चोला, फरिया तथा लुँगी लगाई सेतो वा रङ्गीन पटुका कम्मरमा बाँधी पछ्यौराले टाउको बाँध्ने गर्दछन् । सुनको गहना, नाकमा ढुङग्री, मारवाडी वा यारलीङ, गलामा चारन्नी, आठान्नी, कम्पनीको माला, पोते,, नाडीमा, चाँदीका बाला तथा अन्य किसिमका चुराहरु र निधारमा रातो टिका लगाउँछन् ।

आधुनिकताको कारणले गर्दा सुनुवार जातिको भेषभुषा, चालचलनमा भने फरक पाइन्छ । शहरी जीवनसँग घुलमिल भएर विदेशबाट लाहुरे भएर आएपछि र आफूभन्दा ठुला जातिको प्रभावले युवाहरु आजकाल सर्ट, पेन्ट, ज्याकेट र कोट लगाउँछन् भने महिलाहरु कुर्ता, सुरुवाल, लुंगी, म्याक्सी, भेष्ट, पाइन्ट पनि लगाउने गर्दछन् । पाउँमा जुत्ता मोजा, चप्पल महिला पुरुष दुबैले प्रयोग गर्दछन् ।

## ५.५ जीवनचक्र संस्कारहरु

मानिस एक सामाजिक प्राणी हो । उ समाजमा नै बस्नुपर्ने भएको हुनाले समाजले गरी आएको संस्कार, रीतिरिवाज आदि उसले मान्नै पर्दछ । मानिसले जन्मदेख मृत्युपर्यन्त पनि सामाजिक संस्कारहरु अनुसार चल्नुपर्दछ । संस्कारहरु एक जाति समुदायको अर्को जाति समुदायसँग मेल नखाने हुन्छ । सबैको एकै किसिमको संस्कार नभई विभिन्न जाति, थर भौगालिक क्षेत्रभित्र पनि विविध संस्कार हुन्छन् । बाचुन्जेल व्यक्तित्व विकास गर्न र मरेपछि स्वर्गमा स्थान प्राप्त गर्न सहायता गर्ने विश्वासले विभिन्न संस्कारहरु सम्पन्न गर्दै आएको पाइन्छ ।

मानिस जन्मदेखि मृत्युपछि सम्म पनि विभिन्न संस्कार गरिन्छ । जस्तै– जन्म न्वारान, छैंवी, पास्नी, छेवर, व्रतबन्ध, विवाह, मृत्यु संस्कार आदि गरिन्छ । १० कर्म पुरा गरेपछि मात्र मान्छेको कर्म पुरा हुने विश्वास हिन्दु धर्मशास्त्रमा पाइन्छ । सुनुवारको पनि आफ्नै किसिमका जातिय संस्कारहरु छन् । हुनत सुनुवार हिन्दु धर्मावलम्बी भएकोले हिन्दु संस्कारहरु गर्ने भएपनि संस्कार गर्ने विधि तथा तरिकामा केही फरक पाइन्छ । यिनीहरुका यस्ता संस्कारहरु गर्ने तरिका आफ्नै किसिमका छन् । सुनुवार सामाजिक संस्कार गराउनु पर्दा पुजारी (नासो) तथा ब्राह्मण दुबै प्रयोग गर्ने गरेको पाइन्छ ।

सुनुवार जातिको मुख्य सामाजिक संस्कारको जीवनचक्र तल क्रमशः यसप्रकार वर्णन गरिएको छ ।

### ५.५.१ जन्म

प्रत्येक मानिसको जीवनचक्र जन्मबाट नै शुरु हुन्छ र सामाजिक संस्कार पनि जन्मबाटै सुनुवार जातिमा पनि गर्भवती महिलालाई आराम गर्नुपर्ने र माइतीमा भरसक सुत्केरी हुन दिनु हुदैंन भन्ने धारणा पाइन्छ । गर्भधारणा भएको ५/६ महिना पश्चात बच्चाको नाम विशेष किसिमले कोदोको जिर्मा जाँड पकाई

सिलप्याक गरी राखिन्छ । यसलाई ‘कदपाइचा’ भनिन्छ । यस जातिमा नव शिशु जन्मदा महिला सुत्केरी भएको ३, ५, ७ वा ११ विजोडी दिनमा न्वारन कार्य सम्पन्न गरिन्छ। जुठो वा मृत्युकार्यभन्दा सुतकमा ज्यादै निष्ठा गरी वाराना गर्नुपर्छ।

न्वारान नभएसम्म मृत्यु तथा धार्मिक कार्य सम्बन्धी दाजु भाइले गर्नु हुदैन। दाजुभाई कसैको मृत्यु भएमा क्रियाकार्यको अन्त्ययेष्टि नसकिदै १० दिनभित्र सुतक परेमा न्वारान कार्य नसकी क्रियाकार्य सक्नु हुदैन। यस्तो अवस्थामा पहिले न्वारान कार्य सकेर मात्र क्रिया सक्नु पर्दछ। सुत्केरीलाई खुवाउनु कुखुरा पालिन्छ । न्वारन गर्नको लागि खसि, सुगुँर पनि पालिन्छ। जव सुत्केरी हुन समयमा सुत्केरी जाँडको गाग्रोको विर्को खोली जोर डबका कचौरा मा टोटलाको जातिय पवित्र धार्मिक फल) घ्याङ चढाई नासो, झाँक्री नभए वुडापाकाले बच्चा तथा आमाको सुस्वाथ्य, शुभकामना तथा पूजा पुकार गरिन्छ।

सुत्केरीलाई खुवाउन काटेको भालेको टाउको लगायत अरु खाद्यान्न राखी पुजा (पीदार) गरिन्छ । त्यसपछि घरको मुलीलाइ खुवाइन्छ । अनि सुत्केरीलाई खुवाइन्छ। भोलि बिहान छोरा जन्मेको भए घरको धुरी अगाडि र छोरी जन्मे धुरी पछाडि इन्द्रेणी देवता (वाडफरेलु) को पूजा गरिन्छ। घरको छानामा देवी बनाई नवजात शिशुको सुस्वास्थ्यको, दीर्घायुको लागि विशेष आराधना गरिन्छ।

## ५.५.२ न्वारन-नामाकरण

सुनुवार जातिमा नवजात शिशु छोरी भए विजोडी दिन ७ देखि नौ दिनसम्म र छोरा भए जोडी दिन १० देखि १२ दिनमा न्वारन कार्य गरिन्छ, जसलाई सुपुरो भन्निछ । न्वारन कार्यमा बच्चालाई घाउ खटिरा, रोगव्याधी नलागोस् भनी भलायोको पात, कुरीलो मन्छिनु जस्ता वनस्पतिको पात सरष्युको आगो बाली सुत्केरी र बच्चालाई नुहाइ धुवाई गरी नयाँ बस्त्र लगाई तीनपटक सो आगो नाघ्ने कार्य हुन्छ। यसबाट बच्चा दीर्घायु र आरोग्य हुने विश्वास गरिन्छ।

बच्चाको नामाकरण पनि यसैबेला गरिन्छ । पात्रो हेरेर  जुराएको नामलाई संस्कार अनुसार अरु कर्महरु गरिन्छ । बच्चाको कानमा थाल बजाई सुन्नेगरी बच्चाको नाम फलाना जुऱ्यो भनी उच्चारण गरी सुनाईन्छ । यसपछि तितेपाती, जौ, तिल हालेको आँम्खोराको पानी सुत्केरी र बच्चाको जिउमा छर्कनुपर्छ । सबै ठाउँमा सो पानीले घर चोख्याइन्छ । यसरी बिधिवत न्वारन कार्य सकिएता पनि सुत्केरीले पानी २२ दिन नसके १६ दिन, १६ दिन नसके ११ दिन सो पनि नसके ७ दिनसम्म पानी वार्नु पर्दछ ।

### ५.५.३ अन्नप्राशन्न

सुनुवार जातिमा छोरा जोडी महिना ६ तथा ८ महिनामा र छोरीलाई विजोडी महिना ५ तथा ७ मा शुभमुर्हत पारी नवजात शिशुलाई अन्न खुवाउने संस्कार छ । यसलाई सुनुवार भाषामा 'खमे उम्चा' भन्ने गरेको पाइन्छ । सम्भव भएसम्म नवजात शिशुको हजुरआमा वगे  बाट नभए आमा तथा जसको हातमा जुरेको छ, उसको हातबाट बच्चालाई अन्नप्राशन्न गराइन्छ । पास्नीमा दाजुभाई, छरछिमेकी, इष्टमित्र, शुभचिन्तकहरुलाई निमन्त्रणा गरी गच्छे अनुसार खसि, सुगुँर, कुखुरा काटी पास्नी भोज खुवाइन्छ । बच्चालाई टिका लगाई भात खुवाइ, उपहार, पैसा, हातमा चाँदीको चुरा कानमा सुनको मुन्द्रा दिने चलन छ । मामाले नयाँ कपडा दिने चलन छ । (सुनुवार सेवा समाज, २०६२)

### ५.५.४ छेवर

सुनुवार भाषामा छेवरलाई 'चाप्लेचा' भनिन्छ भनी लोकप्रिय सुनुवार आफ्नो पुस्तक कोइचबुमा लेख्नु हुन्छ, तर कमलामाई नगरपालिका - ६ रातमाटामा सुनुवारले 'प्रियाप्रेचा' भन्ने गरेको पाइन्छ । एउटै संस्कार छेवरलाई ओखलढुङ्गामा 'चाप्लेचा' र सिन्धुलीमा प्रियाप्रेचा' भन्ने गरेकोले भाषालाई भौगालिक वातावरणले पनि फरक पारेको देखिन्छ, तर कर्मकाण्ड वा संस्कारहरु भने त्यति फरक देखिदैन । सुनुवार जाति वैश्य समूहको भएकोले  ब्रतबन्ध गरी जनै लगाउनु पर्दैन । छेवरमा

बालक १ वर्ष ६ महिना पुगेपछि हात जुराई कपाल मुडी टोपी दिइने गरिन्छ । छोरीलाई शुभमुहुर्त पारी गुन्युचोली दिने परम्परा छ । यसमा पछि छरछिमेकी, इष्टमित्र, दाजुभाई बोलाई साधारण भोजको आयोजना गरिन्छ । (सुनुवार सेवा समाज, २०६२)

### ५.५.५ विवाह

सुनुवार जातिको विवाह विभिन्न प्रकारले गरिन्छ । जस्तै–चोरी विवाह, मागी विवाह, जारी विवाह, प्रेम विवाह आदि । यस जातिमा मागी विवाह उत्कृष्ट विवाह मानिन्छ । यस जातिमा पनि विवाहको कार्य लमी (विवाहको लागि केटाकेटीको कुरा मिलाउने) द्धारा गरिन्छ । जातिय संस्कार अनुसार केटाको तर्फबाट कन्याको खोजी हुन्छ । यिनीहरु आफ्नो गोत्र र ७ पुस्ताभित्र विवाह गर्दैनन् । यस जातिमा विवाहको लागि रित बझाउनु पर्ने आफ्नै संस्कार छ ।

कन्या मगनीमा टुँगो लागेपछि केटीपक्षको भाइ खुवाउन वरपक्षबाट जाँड, बोको, कुखुरा नुन एकमाना, एक माना वेसार, एकमाना तेल, मसला यावत सामाग्री लगिन्छ र काटी पकाई तुल्याई पूजाको लागि दिन्इछ । उनीहरुले केटीपटिका पनि सम्बन्ध अरु बलियो बनाउने कुरा गरिन्छ र कुटुम्बलाई पुग्ने जाँड निकाल्नु पर्दछ । केटा पक्षबाट गाग्रेमा जाँड, रक्सी, ठेकी, दही, मासु राखिन्छ र केटापक्षको जाँड, रक्सी जोर पारी सवाई राखिन्छ ।

यी दुबै पक्षबाट सामग्री तयार भएपनि पूजारी (नासो), दाजुभाई, निम्ताहरु र केटापक्षका मानिस बसी पुजा शुरु हुन्छ । दुबै पक्षका केटाकेटीको कुल थानी, मुल थानी, गोत्र, पित्र आदि वर वधुको नाम पुकारी आजदेखि मेरी छोरी 'मारे हत्या पाले पुण्य' तपाईलाई एक दियौ, दुइ दियौ, तीन दियौ भनी बाचा गरी छोरी दिइन्छ । यस कार्यलाई ठेकी जाँड लगाउने भनिन्छ । विवाहको लागि दिन, वार, लगन ज्योतिषबाट जुराइन्छ ।

## क. रित बुझाउने

सुनुवार जातिमा रित बुझाउने संस्कार पुरानो संस्कार हो । रित वुझउँदा बाह्र थरे सुनुवारहरुको १२ गाग्री जाँड पनि बुझाउनु पर्दछ । यो महंगो रिती भएकोले आजकाल यो रित १२ गाग्री जाँड लगाएत अन्य चिज बुझउँनु पर्ने चलनलाई विस्तारै छोडेर ठेकीजाँड  मात्र लगाउने चलन पनि छ । ठेकी लगाएपछि त्यो केटी अरुले विवाह गर्दैनन् र ठेकी फर्काए केटी दिन कर लाग्दैन । यसरी ठेकी ६ महिना अगाडि लगाइन्छ । यसपछि विवाह हुने २–३ महिना अगाडि अठोट लगाउने चलन छ । अठोटमा हामी यो गतेका दिन दुलाहा लिएर आउने छौ भनी लेखिएको हुन्छ ।

## ख. जन्ती जाने प्रक्रिया

बरियात जाँदा सागे जगाउने गरिन्छ । जन्ती जाँदा जोर डोली, बोक्ने कुमार कुमारी कलस बोक्ने लगिव्न्छ । मुल दमाइलाई जामा पगरी दिइन्छ भने अरुलाइ सेतो फेटा दिनु पर्दछ । बेहुलालाई सेतो कपडाको जामापगरी सेतो कोट, शिरमा माहुर, अनुहारमा जात अनुसारका सिंगार गरिन्छ । कम्मरमा सेतो पटुका बानेर आर्सी भिर्नुपर्दछ । जन्तीहरुले बर्चा, तरवार लिइन्छ । आफ्नो औकात अनुसार १ नाल, २ नाल बन्दुक पड्काइन्छ । अन्माउने समयमा २ जाना चेलीले हातमा सगुन र एक जनाले वत्ती, चामल, कसर रोटी लिनु पर्दछ र एक जनाले वत्ती, चामल, कसर रोटी लिनु पर्दछ । पानी खसाएर तीन पटकसम्म बेहुलाको गेलीलाई घुम्नु पर्दछ । यसको साथै आमाले दही खुवाएर आशीर्वाद दिएर विदा गर्दछन् । गाजावाजा, बन्दुक सहित बेहुलीको घरमा पुग्दछन् । स्वयम्बरको काम गरिन्छ, जुन अरु क्षेत्री बाहुनको जस्तै हुन्छ र कसैले गर्दैनन् पनि ।

यसपछि बेहुली पक्षबाट पयुको सेउला, टपरी, ठेकी, अठोटको पत्र, ठेकी, माछा, सागको भार बनाएर (झुन्डाएर), वरणीको टपरी तयार गरी जन्ती तथा बेहुलालाई रङ्ग चामलले पुजिन्छ । ब्राह्मणको विधिले मलापोका कस वेसारले रंगाएर

त्यसमा यी रुमाल अनि बेहुला राखिन्छ । त्यसका कस वेसारले रंगाएर त्यसमा यी रुमाल अनि बेहुला राखिन्छ । त्यसपछि भतेर खान सुरु हुन्छ । पाण्डव सुनुवारको अनुसार रत्यौली मात्र रमाइलो गर्ने अवसर मात्र नभएर एक आमाले छोरालाई सम्झाउने बुझाउने, एक दिदी बहिनीले माइतिको यादमा गाउने जस्ता रमाइलादेदिख कारुणिक क्षणको गीत, अभिनय, नाचबाट प्रदर्शन गर्ने कार्य रत्यौलीमा गरिन्छ । (कोइच बुँ २०४९ अङ्क १:१७–२२) ।

विवाहमा आमाको दशधारा दुध कटनीको लागि एउटा खसी, एकपाथी चामल, रक्सी १–५ रुपैया राखी बेहुलाले सासुलाई ढोग्नु पर्दछ । सासु भेटने क्रमपनि यसैबेला  हुन्छ । १ सपेटा १ पाथी रक्सी, १ घ्याम्पा जाँड, १ पाथी चामल र पैसा राखेर ज्वाइले सासुलाई ढोग्ँछन् । सुनुवार जातिमा सम्धी ढोग पनि यसैवेला चल्दछ । सम्धी सम्धी ३/३ पटक ढोग गर्दछन् भने १ ठेकी दही राखेर ज्वाईले ससुरालाई ३ पटक ढोग्दछन् ।

## ग. बेहुली अन्माउने प्रक्रिया

बेहुली  अन्माउने  समयमा एक दुई जना युवालाई तेलठेकी, काइयो, बाटामा खाने खाजा आदि बोकाई जन्ती बिदा गरिन्छ । बाजागाजाका साथ बेहुलाको घरमा पुग्ने बित्तिकै भतेरमा जान्छन् । चेलीले सगुन तयार गरी राख्छन् । पिदार आदार गरी चेलीले बेहुला बेहुलीलाई दही, रक्सी खुवाइन्छ । जन्तेबाखो खाएपछि घर गएपछि आमाले टिका लगाएर दही खुवाएर घरभित्र भित्राउछन् । लक्ष्मी भित्राएको खुसी भएर हर्सोल्लासका  साथ *खुय खुय* भन्दछन् । त्यसपछि सासु बुहारीले पाथी भर्ने कोठो भकारी चिन्ने ताला–चावी दिने, घर व्यावहार सुन्पने कार्य गरिन्छ । बेहुला बेहुलीलाई टिका लगाई सगुन खुवाउने गरिन्छ । सबै आमा बुबा, बन्धु वर्ग, इष्टमित्र शुभचिन्तकहरुले टिकालगाई दक्षिणा दिई आशीर्वाद दिइन्छ ।

अर्को दिन प्राप्तः बेहुलीले घर लिप्ने रीत गरिन्छ । दाल भात खुवाउने कार्यक्रम हुन्छ । सबै दाजुभाईलाई बेहुलीको हातबाट दालभात खुवाइन्छ । बेहुलाले

बेहुला हुँदा लगाएको जामा लगाएर दाल भात खानको लागि निम्ता गर्न जाने गर्छन् । बेहुलीले दाल, सिस्नु र ढिडो पस्की–सबै दाजुभाईलाई खुवाउछिन् । यो सुनुवार जातिको सामाजिक परम्परा हो । सुनुवार जातिको विवाह गर्ने संस्कार अन्य जाति तथा आर्य संस्कृतिसँग वढीमेल खाएको पाइन्छ  तापनि कतिपय कुराहरुमा जातिय संस्कारमा वढि मेल खाएको पाइन्छ तर सुनुवार जातिका यस्ता विशुद्ध संस्कारहरु विस्तारै लोप हुदै गइरहेका छन् । स्थानीय बयोवृद्ध श्री बल बहादुर सुनुजवारका अनुसार यस जातीमा विवाह गर्दा आफ्ने जातिभित्र गर्दछन् तर आफ्ना गोत्र, घरधन्दा भन्दा बाहिर मात्र गर्दछन् । सुनुवार जातिमा आफ्नो हाडनाता र हाडभित्र विवाह गर्ने चलन छैन । यो जातिमा दाजु नभएमा भाउजू व्यहोर्ने चलन छैन । यस जातिमा साली भिनाजुको बीचमा जिस्कने र ठट्टा गर्ने चलन भने पाइन्छ । यस जातिमा मुख्यतय मागी विवाहलाइ प्राथमिकता दिएको पाईएपनि चोरी विवाह, प्रेम विवाह, अन्तर जातिय विवाह, विधवा विवाह आदि पनि केही मात्रामा प्रचलनमा आएको पाइन्छ ।

**तालिका नं-६**

**सुनुवार जातिको बिवाह पद्दतिको विवरण :**

| बिवाहको तरीका/पद्दति | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| प्रेम बिवाह | ३ | ९.०९ |
| मागी बिवाह | २८ | ८४.८४ |
| चोरी बिवाह | २ | ६.०६ |
| जारी बिवाह | – | – |
| बिदुवा बिवाह | – | – |
| जम्मा | ३३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण – २०६९

माथिका तालिकाबाट यो स्पष्ट हुन्छ कि यस जातिमा मागी बिबाहा सवै भन्दा धेरै ८४.८४%, प्रेम बिबाहामा ९.०९% र चोरी बिबाहमा ६.०६% रहेको पाइयो । यसरी यस जातिमा परम्परादेखि चलदै आएको बैवाहीक संस्कारलाई धेरै जसो बिवाहित सुनुवारहरुले पालना गर्दै आइरहेको पाइयो ।

### ५.५.६ ढोगभेट

सुनुवार जातिमा ढोगभेट जस्ता संस्कारको आफ्नै महत्व रहेको पाइन्छ । दाजुभाई विचको ढोगभेट गर्दा अरु क्षेत्री ब्राह्मण जस्तै सानोले ठूलालाई खुट्टामा ढोग गर्ने वा निधारमा हात दिने गरिन्छ भने कुटुम्ब वा ज्वाइ चेलाले ढोग गर्दा परबाट दुइहात भुँइबाट विस्तारै अंजुली आकारमा माथि सम्म उठाएर केही मात्रामा निहुरिएर दुवै तर्फबाट ढोग दिनेर फर्काउने गरिन्छ । यस जातिमा पाहुनालाई खाना खुवाउँदा कुनै पनि खाने परिकार टक्र्याउँदा दुई हात जोडी  ढोग गरी सत्कार गर्ने चलन पनि छ  ।

विवाहमा दुलाहले दुलहीको आमा (सासु) लाई दुधको भारबाट मुक्त हुनलाई दस्तुरसाथ ढोगभेट गर्दछन् । नयाँ वेहुलीले सासु ससुरा जेठाजु आदिसँग ढोगभेट फुकाउनु पर्दछ । प्रेम विवाह, चोरी विवाह गरेमा केटी पक्षसँग ढोगभेट नगरे सम्म आउने जाने, बोलचाल समेत गर्दैनन् । २–३ वटा बच्चा भएपछि पनि ढोगभेट फुकाउने गर्दछन् । फुकाउँदा जाँड, खसिकोसाप्रा र अरु सर सामानहरु लाने गर्दछन् ।

### ५.५.७ मृत्यु संस्कार

मानिसको जीवनचक्रको अन्तिम अवस्था मृत्यु नै हो । सुनुवार संस्कृतिको परम्परा अनुसार दाहसंस्कार गर्दा लिपपोत गरि लासलाई कात्रो दोलगवा ओडाइ, शिर खुट्टामा वत्ती बाली सवलाई सफा गरी, चिल्लो लगाई सिंगार अन्त्यष्ठिको लागि तयार गरिन्छ । सवलाई सगुन राखी पुजा गरी १ प्वाङ जाँडको भाँडो फुटाएर वाहिर निकालिन्छ । १ माना चामल पोको पारेर लासको छातीमा राखिन्छ । चिहानमा छर्न भातपकाएर लगिन्छ । मुल चुलाबाट दुईवटा अगुल्टो एकै ठाउँमा वाँधी अगाडि लाग्दछ र (यस अगुल्टोलाई दोल्षी भनिन्छ) शंख बजाई लास घाटमा लगिन्छ । सुनुवारलाई पहिला पहिला अग्लो डाडामा लगि पौल्ने र गाड्ने चलन थियो तर आजकाल खोला वा नदीको किनारमा लगि जलाउने गरिन्छ ।

पुजारी झाँक्री, झाक्रीनीलाई जलाउनु हुदैन । पूजारी झाक्री - झाक्रीनीको मृत्यु भएमा झाक्रीका सम्पुर्ण गहनाहरु, बाजागाजा, ढयाङग्रो बजाएर डाडाँमा लगिन्छ । यिनीहरुको सार्वजनिक चिहान हुन्छ । चिहानमा यिनीहरुलाई ठाडो वसाई १ माना नुन छरिन्छ । प्राचिन समयमा यी झक्रि वा पुजारीको चिहानमा शव राखी नुनले पुर्नु पर्ने परम्परा थियो । तर आजकाल यो चलन हट्‌दैगएको छ । लास लानको लागि हरियो वाँसमा राखी तीन ठाउँमा वाँधी अगाडी पारी मरौटे घरबाट निकालिन्छ । मृतकमा छोराहरु मलामीहरुले दागबत्ती दिइन्छ । लासको मुखमा माटो राख्ने, पानी दिने गरिन्छ । मृतकको आत्मालाई रोइ कराई नवस्नु, कालोबाटो नजानु, सेतो बाटो जानु । रोइकराई दुःख पाई नबस्नु, पार तर्नु, आत्माले शान्ति पाओस् भनि पूजा आरधाना गरिन्छ ।

दहासंस्कार गरी घर फर्कदा मलामीहरुले बाटोमा काँडा काटी दाह संस्कार गरेको तिर फर्काएर ढुङ्गाले किचेर राखिन्छ । चिहान तिर फर्केर हेरिदैन र नजिकैको धारा खोलामा  ज्वाई चेलाले अशौच बार्नेको कपाल मुडी दिन्छन् र नुवाइ धुवाइ गरी सेतो बस्त्र धारण गरी कसैकलाई नछोई कुरी राखिन्छ । मलामीहरुले तितेपाती पोली आगो नाघी मृतक आत्माको शान्तिको लागि अनिवार्य रुपमा जाँड, चियापान खाना खाईदिनुपर्छ । (सुनुवार सेवा समाज, २०६२)

## ५.६. चाडपर्व र धार्मिक समारोहहरु

### ५.६.१ सगुन  रीति

सुनुवार जातिमा आफ्नै धार्मिक संस्कार भाषा तथा रीतिरिवाजहरु छन् ।जस्तै सगुन, छेगु, काष, गील आदि रीतिहरु सुनुवार मन्धुम अन्तर्गत पूजाआरधाना गरिने रीतिहरु हुन् । आफ्नो कुलपित्रीहरुलाई सदादिन खुसी राखेर स्वस्ती शान्ति गर्न सम्पुर्ण सुनुवार जातिमा यी कार्यहरु गरिन्छ । सगुन रिति विशेषगरी परम्परागत शैलिमा मनाइने एक मुख्य रीति हो र यो षडाग रुद्री जस्तै गरि मानिन्छ । सगुन पूजा सुनुवारको पुजारीद्धारा पूजाआजा गरी जाँड, रक्सी अन्य मिष्टान भोजन अपर्ण

गरी टोटलाको फूल चढाएर पूजा गरिन्छ । घरमा दुःख विमार नहोस् सदादिन कुलपित्रहरुको सफलताको बाटोमा डोऱ्याई कुशलताको फल प्रदान गरुन भन्ने विश्वास राखी यो सगुन पूजा गरिन्छ । खासगरी लिखुखोलाको आसपासमा वसोवास गर्ने सुनुवारहरुमा यो रीती वर्षको २ वटा उधौली सगुन र उभौलीको नामले गर्ने गरिन्छ । यस जातिमा सगुन रिति मान्ने तरिका मात्र हैन सगुन रीतिका प्रकारहरु विभिन्न छन् ।

- साधारण सगुन
- बाँदो नउठाई गरिने सगुन
- बाँदो उठाएर गरिने सगुन

## ५.६.२ छेँगु

सुनुवार जाति प्रायः मांसाहारी हुन्छन् तर देवता कुनै कोरा पूजा अन्तर्गत पूजा गरिन्छ भने कुनै बली पूजाद्धारा पूजाआजा गरिन्छ । छेगु कोरा पूजा अन्तर्गत पर्ने पूजा हो । यो पूजा सुनुवार जातिको कुल पूजा हो र सुनुवार बाहेक अरु कुनै जातिले यो पूजा गर्दैनन् । त्यसकारण यो सुनुावरहरुको नितान्त आफ्नो संस्कार हो भन्न सकिन्छ । क्षेगु उधौली र उभौली २ प्रकारले दुई समयमा गरिन्छ । सोही अनुसार पूजाको सामाग्री पनि तयार गरिन्छ । छेगु पूजा कार्तिक, मंसिर, फाल्गुण, वैशाखका दिनहरुमा शुभमास मानिन्छ ।

साधारणतय यो पुजा ३ वर्षमा १पटक गरिन्छ । यो पूजा तीन पटक गर्न सकेमा एक काष सरह र ६ पटक छेगु गर्न सकेमा एक गीलपूजा गरे बराबर हुने जनधारण यस जातिमा रहेको पाइन्छ । गील, काष, छेगु पूजा गरेमा आफ्नो शाखा सन्तान दुःखी-दरिद्र नहुने सहकाल सन्तान प्राप्त, धनधान्य, शुभाशुभ हुन्छ भन्ने विश्वास पनि यस जातिमा रहेको छ ।

### ५.६.३ काँष

काँष सुनुवार जातिले मात्र मान्ने पर्व हो । सुनुवार जातिले मान्ने पूजाहरुमा काँष खर्चालु पूजा मानिन्छ । तीन दिनसम्म पुजारी झाँक्री, नाच पूजाआजा गरिन्छ । देवदेवी, इष्ट देवता, पितृ देवता सबैलाई पूजा गरि वरदान मानिन्छ । काँष छेगु पूजाको ठुलो रुप मानिन्छ । क्षेगु र कासपूजामा बली  पुजा गरिदैन । गील पुजा र चण्डी पूजामा बली पूजा  अनिवार्य रुपमा गर्नुपर्दछ । काष र गिल पूजामा बजारबाट खरीद गरेको वा अन्य जातिले तयार गरेको च्युरा प्रयोग गर्नु हुदैन र सुनुवार जातिमा चिउरा जहिले तहिले कुट्न जातिय पर्ख्यौलीले निषेद गरेको पाइन्छ । त्यसकारण काष र गिल पुजाको लागि च्युरा सुनुवार जाति आफैले कुट्नु पर्दछ । चामलको तोर्म बनाइ जाँड, रक्सी तथा अन्य सामाग्री मिष्ठान भोजन तयार गरी इष्ट देवता, पितृ देवता, स्थानीय देव देवता सबैलाई पूजा आराधनाको लागि प्राथना गरिन्छ । काष पूजामा सुन चरीको रुपमा कुनै न कुनै च्युरा नभई नहुने परम्परा रहेको छ । भए जिवित र नभए अजिवित र चरा नभए कुखुराको चल्लाले भएपनि पूजा चलाउनु पर्ने चलन रहेको पाइन्छ ।

### ५.६.४ गिल पूजा

गिल सुनुवार जातिको सबैभन्दा पूरानो ठूलो धार्मिक संस्कारको रुपमा लिइन्छ । यो संस्कार आफ्नो कुलदेवतालाई बुझाउनको लागि गरिन्छ । प्रायः मंसिर, माग, फाल्गुण महिनामा गरिने यो पूजा धेरै खर्चिलो र खतरा झेल्नु पर्ने भएकोले आजको पिडीहरुसम्म आइपुग्दा करिव करिव यो संस्कार लोप भइसकेको छ । गिल पूजाको लागि पूजारी झाक्रीद्धारा दिनबार जुराइनछ ।

यो पूजा गर्नु भन्दा ६ महिना अगाडिदेखि जाँड तयार गरिन्छ भने अरु आवश्यक सामग्रीहरु दाजुभाइहरुको आफ्नो गच्छे अनुसार पूजा घरमा लाने गरिन्छ । यस पूजामा २ सय गज सेतो कपडा ३६० वटा जीवित जन्तुमा ३ वर्षदेखि माथिको सुँगुरको वीर, भेडा, साँढे, कुखुराको भाले, राँगा, बोका, पाठी, हाँस, परेवा, अण्डा

आदिको भोग दिनुपर्दछ । यस पूजाको लागि चार जना पूजारी चाहिन्छ । भोग जाने नजाने देवतानुसा रको बेग्लाबेग्लै पूजारी झाँक्रीहरुले पूजा आराधना गर्दछन् । साथै आठ जना  कन्या केटी र बहत्तर जना कुमार केटाहरुले पूजा अवधिभरी कर्ताको रुपमा काम गर्दछन् । सुनुवार जातिका आफ्नै प्रकारका परम्परागत जातिय संस्कारहरु पाइन्छन् ।

यी संस्कारहरु जस्तै क्षेगु, काष, लिग, सगन जस्ता धार्मिक संस्कारहरु यस जातिका परम्परागत संस्कार हुन तर आधुनीकीकरण र हिन्दु धर्मको प्रचलनले गर्दा यी संस्कारहरु सबै सुनुवार युवतीहरुलाई यस प्रकारका परम्परागत संस्कारहरुको बारेमा राम्रो जानकारी नभएकोले यस पुराना तथा वुडापाकाहरुमा मात्र यी संस्कारका प्रक्रियाहरु सिमित रहेको पाइन्छ । यसरी परिवर्तित संस्कृति, आधुनिकीकरण समाजको कारण हरेक जातिहरुको आफ्नो पुरानो धर्म संस्कृती विस्तारै लोप हुन जाने तरखरमा रहेका छन् । (सुनुवार सेवा समाज, २०६२)

### ५.६.५. चण्डी पूजा

हिन्दुहरुको प्रमुख आराध्यदेवी चण्डी भगवती हिन्दु धर्मावलम्बी किराँतहरुले इष्ट देवीको रुपमा पूजा आराधाना गर्ने प्रक्रियालाई चण्डी पूजा भनिन्छ । यसरी दश किराँतहरुध्ये केही किराँतहरुले, इष्टदेव, इष्टदेवीको रुपमा वैशाख शुक्ल पुर्णिमाको दिन चण्डि पूजा  गर्ने परम्परा छ । सनुवार, राई लिम्बुमध्ये विशेष गरी सुनुवार राईहरुले आराध्य देवी चण्डीकाको चण्डी भगवतीको रुपमा पूजा आराधना गरी धुमधामसँग मनाउने गरेको पाइन्छ । सुर्यमण्डप राजाको राज्य सिमरौगढबाट सिम्रिक ढोल (दुवैपट्टि छालाले मोरिएको ठुलो मादल जस्ता वाजा) आलम लिएर भागेका सुनुवारहरुले सर्वप्रथम चण्डीदेवीको स्थापना भक्तपुरको न्यातपोतकोसँगै स्थापना गरेको किम्वदन्ती पनि पाइन्छ ।

चण्डेश्वरी देवीले दिएको सुन ढुकुर हराएपछि खोजी हुँदा उक्त ढुकुर भक्तपुरको न्यातपोलको मन्दिर नजिकै आएर बसेको हुनाले उक्त मन्दिर बनाएको हो

भनी भक्तपुरको न्यातपोल मन्दिरको ताम्रपपत्रमा उल्लेख छ भनिन्छ । लिच्छवी राजाबाट पराजित भएपछि आफ्नो दश किराँत वंशहरुसाथ पूर्वी नेपालतिर लागि वनेपामा चण्डी भगवतीको स्थापना गरि आफ्नो आराध्य देवी चण्डी भगवतीको पूजाआजा गर्ने गरेको थिए । विशेष सुनुवार वोल्लो किराँत,राई माझ किराँत, लिम्बु पल्लो किराँतको रुपमा बसोबास गर्दा इष्ट भगवती चण्डी र शान्तिको प्रतिक पंक्षी सुन ढुकुर लिएर गएका थिए भन्ने भनाइ पनि पाइन्छ । प्रत्येक दिन बली चढाएर भोग दिने  वेलामा वनेपामा साक्षत भगवतीले दर्शन दिन्थिन भन्ने जनश्रुति पनि रहेको छ  ।

एक दिन किराँत राजा बलीको लागि सिकार खेल्न जादा केही पनि नपाएकोले उनले आफ्नै वुढीऔला काटी रगत निकाली मुर्तिमा चढाए तर उनले भगवतीको दर्शन पाएनन् । घरमा त्यही बली चढाएको सिकारको तिहुन (तरकारी) बन्दथ्यो तर त्यो केही नभएर बहिनी (१० भाईका चेली) ले सिस्नु टिपी घरभित्र पकाएकोले सुन ढुकुर इष्ट पंक्षी उडी रुखको हाँगामा बसी “फुपू थुई, फूपु थुई ....... ” भन्दै भागे । सपनामा राजालाई दर्शन दिई भनिन् “हे किराँत राजा, तिम्रो भक्तिदेखि म प्रशन्न छुँ । अव म तिमीलाई साक्षत दर्शन दिन्न र मलाई दैनिक दिनुपर्ने बली वर्षको एक पटक बैशाख शुक्ल पुर्णिमाको दिन ३६० वा सो भन्दा बढी बली भोग दिएमा दैनिक एक बली भोग दिए सरह हुनेछ । तिम्रो वंशले इष्ट देवीको रुपमा मेरो पूजा गरिरहनू ।” यसरी देवीले राजालाई सपनामा भने अनुरुप प्रंत्येक वैशाख शुक्ल पूर्णीमाको दिन चण्डी भगवतीको पुजा गर्ने परम्परा छ ।

यसप्रकार विवाहको जन्ती जाँदा वरको अगाडि शान्तिको प्रतिक सुन ढुकुरको स्थापना गरी कलस वा झारीमा उक्त सुन ढुकुरको सालीक राखी वरियात जाने प्रथा यस जातिमा रहेको पाइन्छ । चण्डी पुर्णिमाको अघिल्लो दिन पूजारीको घरमा सबैको ढोलहरु जम्मा गरी मुल राँगालाई विचमा राखी पर्छनु पर्छ र देवतालाई अर्पण गर्नुपर्दछ । सो रातभर रागाँलाई सुत्न दिनु हुदैन सुतेमा जजमान पिर्छ भन्ने चलन छ । सबै मिली जाँड, रक्सी, चिरो खट्टे आदिले पुजा गरिन्छ । यसरी पूजा गर्ने विधिलाई “राँगा ढोचा” भनिन्छ ।

चण्डी पूर्णिमाको दिन बिहानदेखि निराहार उपवास (व्रत) बसी पूजारी नासो (मुल पूजारी) चण्डी थानमा पुग्दछन् । यसरी सबै ढोलहरु पञ्चेबाजाका साथ आलम धजा (वासको लिङ्गोमा विभिन्न  धजाले सजाएको) ढोल झ्याम्टा बजाई सिम्रिकढोल लिई पूजारीलाई अगाडि लगाएर सबै सुनुवारहरु (पुरुष) नाच्दै नाच्दै चण्डी थानमा पुग्दछन् । घरै पिच्छे १ माना चामलको भात पकाई त्यसमाथि पकाएको अण्डा राखी आलम (सेतो, रातो कपडा) फूल सोली लिएर जाने गरिन्छ । चण्डीमा सबैभन्दा रमाइलो क्षण रमाइलो अवस्था नै यस वेला हुन्छ । यसवेला सबै धामी झाँक्री, बिजुवा काप्ने गर्दछ । यसमा देवीको शक्ति छ भनिन्छ । यसरी भाले पोथी ढोल अर्थात सिन्दी ढोल र दुमा ढोल भेट गरी चण्डी थानमा ३ पटक परिक्रमा गरि भगवतीको दर्शन गरिन्छ ।

भक्तजनहरुले लिएर आएको आलम धजा मन्दिरमा सजाउनु पर्दछ । चण्डी पुजामा ३६० भोग दिनुपर्ने भएपनि १८० बली दिनै पर्दछ । विशासय भोग पुऱ्याउनु पर्दछ । विशासय भोग भन्नोले ३६० भोग हो । १८० भन्दा माथिको भोगलाई विशासय पुगेको मानिन्छ । राँगा, बोका, कुखुरा, अण्डा गरी १८० भन्दा माथि पुऱ्याउनु पर्दछ र रेखि हाल्दा ३६० वटै हाल्नु पर्दछ । मन्दिर भित्रका सबै देवदेवीको पुजा आराधना गरिन्छ र बली दिने चढाउने व्यवस्था गरिन्छ । मन्दिरभन्दा बाहिरपट्टि संसारी माई, सिमे, भुमे, नाग नागीनी, शिकारी देवदेवी बली भोग नखाने कोरा धुप खाने आदिलाई फरक फरक पुजा आराधना गरेर बली दिने क्रम शुरु हुन्छ । मुल पुजारीले बली दिन सुरु गरेपछि अरु पुजारीले आफ्नो भागको बली दिन शुरु गर्दछ । मुल पुजारीले राँगालाई तीर हानी मार्दछन् ।

आफ्नो परम्परा अनुसार पूजारीले धनुकाँड चलाएर राँगा ढाल्ने समयमा अरु रमाइलो गरी नाची ढोल झ्याम्टा बजाई खुय, खुय, खुय भन्दै नाच्ने गरिन्छ। यस चण्डी थानमा सिन्द्रीक ढोलको प्रयोग हुने गर्दछ जुन -लाछे चराले) खोपेर बनाएको हो भन्ने धारणा छ र यो ढोल आफै उत्पत्ति भएको मान्छि । यस चण्डीका पूजारीको वंश नै पूजारीको नामबाट प्रचलित छन् । पूजाको क्रममा पूजारीले आदार पिदार गर्दै सलाग गाउने गर्दछन् । यसरी नाचगानका साथ आधार पिदार सकी बली पुजा

सकेपछि आफ्ना पाहुना, मित्र, कुल कुटुम्बलाई बोलाएर खुवाउने चलन पनि रहेको पाइन्छ । यस दिनभर मन्दिर नजिक बजार, पसल, होटल, स–साना बन्द व्यापारहरु पनि व्यस्त रहेको हुन्छ ।

पुजा सकेपछि पूजाको प्रसाद तथा पाती सबै बन्धुहरुलाई बाडिन्छ । दिनभर उपवास बसेको पुजारीलाई कुन टोलले खुवाउने हो, व्यवस्था हुन्छ । थानलाई परिक्रमा गरि घर तर्फ फर्किइन्छ । सबैले हातमा रुखको हाँगा, पाती लिएर एकै स्वरमा "सुरो गासो तक, थरीकुटुम् जातक"भन्दै एकै स्वरमा खुय भन्दै घरभित्र पस्दछन् । यसरी ३ देखि ५सम्म हरेक सुनुवारको घरघरमा भाले पोथी ढोल बजाई विभिन्न नाच (जस्तै – दुम्सी नाच) देखाउदै घुमिन्छ । त्यसको भोलिपल्ट पहिले राँगो बाँधेको पुजारीको घरको खावा किल्लामा ढोल झुण्डयाई भोग दिएको सबै टाउकाहरु पकाई खादैँ नाच्दैछन् । पूजारीको घरमा १६ रेखी हाली आराधाना - पिदार गरी सबै ढोल बुझाइन्छ । त्यसपछि आ–आफ्नो घरको ढोल लिई घर गई धुप धुवार गरि ढोल एक वर्षको लागि वा अर्को चण्डीसम्म राखिन्छ र चण्डी देवीले सुख, शान्ति, सहकाल र चिताएको पुऱ्याउँछिन् भन्ने सबैमा विश्वासका साथ समाप्त गरिन्छ । (सुनुवार किराँतको चण्डीपूजा:गोरखापत्र शनिवार २०५४ चैत १ गते) ।

चण्डी पूजामा सुनुवारहरुको विशुद्ध संस्कृति पाइन्छ र यस पूजामा सुनुवार जातिको धर्मकर्मको छेगु, कास तथा गील देवदेवी, सिमे भुमे, नाग नागीनी, शिकारी सबै देवदेवीको पुजा आराधना गरिन्छ । कतिपय पूजा अति खर्चालु हुने भएकोले ती पूजाहरु गर्न छोडिए पनि चण्डी पूजामा सबै पूजाको भाकल पुरा  हुने भएकोले चण्डी सरल र लोकप्रीय भएको पाइन्छ । सुनुवार जातिमा समय र संस्कृति परिवर्तन हुँदै गएपनि झाँक्रीवाद वा तान्त्रीकवादको प्रचलनमा सबैले विश्वास गरेको पाइन्छ । हाल क.न.पा. - ६ का सुनुवारहरु चण्डी पुर्णीमाको दिन एक ठाँउमा जम्मा भई आफ्नो परम्परा अनुसार क. न. पा. - ४, चिसापानी झोराको थुम्कि डाँडामा स्थापना गरेको चण्डीको थानमा गई पुजा आरधना गर्दछन् ।

### ५.६.६. वायु पूजा

सुनुवारहरु बायुको पूजा गर्दछन् । कुनै मानिस  वा वस्तुभाउ विरामी भएमा झाँक्रीले जोखना हेरी वायु लागेको पत्ता लगाई कुखुराको चल्ला र अण्डाले मन्साएर तन्त्र मन्त्र गरी वायु पुजा गरी ठिक हुने विश्वास दिलाउने काम पनि गर्दछन् ।

### ५.६.७ शिकारी पूजा

सुनुवारहरुको परम्परागत पेशा शिकार वा व्याधा भएकोले पनि शिकारीको पूजा गर्दछन् । कसैलाई अपरझट विमारी लागेमा शिकारी लागेको विश्वासमा मुन्छने तथा फुक्ने गर्दछन् । साथै सनसारी माई र साप्सुमाईको पनि पूजा आराधना गर्ने प्रचलन सुनुवार जातिमा पाइन्छ । सुनुवार जातिले आफ्नो परम्परागत संस्कृति अनुरुप मनाइने चाडपर्व र धार्मिक संस्कारहररु लगाएत हिन्दु धर्म अन्तर्गत मनाइने चाडपर्वहरु पनि मनाइ आएको पाइन्छ ।

### ५.६.८ चाडपर्वहरु

### क) दशैं

अन्य जातिहरुले झैं सुनुवारहरु पनि विशेष उत्साहका साथ दशै मनाउने गर्दछन् । घटस्थापनादेखि पूर्णिमाको दिनसम्म मनाउने गरेको पाइन्छ । घरलाई कमेरो रातोमाटो लगाउने झ्यालढोका रङ्ग लगाई सिंगार्ने गरिन्छ । यस जातिमा सुँगुर, वंगुर, कुखुरा, हाँस, बोकाको मार हानी बली दिने चलन रहेको छ । नवमीका दिनमा मार हानेपछि निधारभरी सेतो चामलको अक्षता लगाउँछन् । टिकाको दिनमा आफूभन्दा ठुलाबाट टिका थापी आशिर्वाद लिने गरिन्छ । दशैमा पाहुना आउने र जाँड रक्सीको पर्याप्त मात्रामा प्रयोग हुने गर्दछ । दशैमा विभिन्न खर्चका लागि २ हजार देखि ४ हजार रु खर्च गर्ने गरेको छन् ।

## ख) तिहार

सुनुवार जातिहरु अन्य हिन्दुझै तिहार पनि त्यत्तिकै धुमधामसँग मान्दछन् । सयपत्री मखमली फूलको माला लगाई दिदी बहिनीको हातको टिका थापी रमाईलो गर्ने गर्दछन् । यो जाति तिहारमा बढी मात्रामा जाँड रक्सी खाने र खुवाउने, मारुनी, देउसी, भैलो खेल्ने गर्दछन् । यो जाति विशेष गरी जाँड, रक्सी र जुवा तासमा बढी रम्ने हुनाले तिहारको समयमा टाट पल्टेको पनि पाइन्छ ।

## ग) चैते दशै

नेपालका प्रमुख चाडहरुमध्ये चैते दशै वा रामनवमी पनि हो । यो पर्व चैत महिनाको शुक्ल अष्टमीका दिन मनाउने भएकोले चैते दशै भनिएको हो । अहिले मानिआएको वडा दशै चैत्र महिनामा मनाइन्थ्यो । चैत्र महिनामा खडेरी, गर्मी हुने भएकोले मासु तथा अन्य चिज खाँदा धेरै जनाको मृत्यु भएको हुनाले चैत्रबाट असोज कात्तिक जस्तो चिसो महिनामा सारिएको हो भन्ने किम्वदन्ती पनि छ । यस दिन भवानीको मन्दिरमा विधिपूर्वक मठपूजा गरि हाँस, कुखुरा, राँगो आदिको बली दिइन्छ ।

सुनुवार जातिमा पनि चैते दशैलाई प्रमुख चाडको रुपमा आफ्नो गच्छे अनुसार धुमधामसँग मनाउने गर्दछन् । आफ्नो घर लिपपोत सफा सुग्घर गरी पूजाआजा गरी आफ्ना नाता कुटुम्बलाई, इष्टमित्र आदि बोलाई ऋणपान गरेर भएपनि खुवाउने खाने गर्दछन् ।

## घ) साउने संक्रान्ति

नेपाल एक कृषि प्रधान देश हो । यहाँ समय समयमा कृषिसँग सम्बन्धित कार्यहरु हुन्छन् । असारमा वर्षभरी खाने धान, कोदोको रोपाँईले उनीहरुमा फुर्सद हुदैंन । त्यसैले थकित शरीर र दिललाई मनोरन्जनात्मक तुल्याउनको लागि र

आषाढ महिनाको हिलो मैलो लागेको शरीरलाई सफासुग्घर गराउने आदि कार्य गराई यो साउने संक्रान्तीको दिनलाई चाडको रुपमा दिएको हो भन्ने कथन पनि छ । यो चाड शुरु भएपछि अरु चाडहरु शुरु हुन्छ भन्ने भनाई पनि छ । हुन पनि हो यो चाडपछि नागपञ्चमी जनैपूर्णीमा, दशै तिहार आदि विभिन्न चाडको शुरुवात हन्छ । यस साउने संक्रान्तिलाई सुनुवार जातिले पनि विशेष महत्वको चाडको रुपमा मनाउँछन् । आफ्ना चेलीवेटी, नाता, पाहुनाहरुलाई बोलाएर आफ्नो गच्छे अनुसारको जाँड, रक्सी, मासु आदि मिठामिठा खानेकुरा खाएर रमाइलो गरी मान्ने गर्दछन् ।

सामान्यतय सुनुवार जातिले मान्ने चाडपर्वहरुमा अन्य हिन्दु धर्म मान्ने जाति जस्तै दशै, तिहार, माघे सक्रान्ती, साउने संक्रान्ति, नागपञ्चमी, तीज र ऋषिपञ्चमी चाडपर्वहरु मान्दै आएको पाइन्छ । श्रीपञ्चमीलाई विशेष सुनुवारहरुको जन्म, महिना र नयाँ वर्षको रुपमा मान्दै आएको पाइन्छ । जातिय चाडपर्वमा वैशाख चण्डीपूर्णीमा मुख्य रहेको पाइन्छ । जस्तै कास, छेगु, गील, जस्ता परम्परागत रीतिरिवाजहरु हुन र यी पूजाहरुमा वा जातिगत रीतिरिवाजका पूजा आराधाना गर्न पूजारी र झाँक्री नभई हुँदैन ।

**तालिका नं -७**

**सुनुवार जातिले मान्ने धर्मको विवरण :**

| धर्मको नाम | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु धर्म | २१ | ६३.६३ |
| किराँत | ९ | २७.२७ |
| क्रिष्चियन | २ | ६.०६ |
| अन्य | १ | ३.०३ |
| जम्मा | ३३ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण – २०६९

माथिका तालिकाबाट यो स्पष्ट हुन्छ कि यस जातिको आफ्नै किराँत धर्म भएपनि हिन्दु धर्म मान्ने सुनुवारहरु ६३.६३% छन भने किराँत धर्म मान्ने २७.२७% र क्रिश्चियन धर्म मान्ने ६.०६% रहेको पाइयो । यी जातिहरुमा एक आपसमा धार्मीक सहिष्णुता राम्रो रहेको पाइयो । यस जातिमा हिन्दु धर्मको धेरै प्रभाव रहेको पनि पाइयो ।

# अध्याय - ६

## सुनुवार जातिको सामाजिक साँस्कृतिक तथा आर्थिक क्षेत्रमा आएका परीवर्तनहरु :

विज्ञान तथा प्रबिधिको उच्च विकासका साथ हरेक जातिको सामाजिक साँस्कृतिक तथा आर्थिक क्षेत्रमा परिवर्तनहरु द्रुत गतिमा भइरहेको पाइन्छ । यस कमलामाई नगरपालीका वडा नं. ६ का सुनुवार जातिमा पनि पहिलाको भन्दा धेरै परिवर्तन भइरहेको सर्वेक्षणले देखाएको छ । परिवर्तन गराउने कारक तत्वहरु शिक्षा, संञ्चार र विज्ञान तथा प्रविधि आदि हुन । यस क्षेत्रमा बसोबास गर्दै आएका र अन्य जातिका जानकार व्यक्तिहरु तथा यसै जातिका स्थानीय मोहन सुनुवारका अनुसार विभिन्न परिवर्तनहरु यसप्रकार प्रस्तुत गरिएको छ ।

### ६.१ सामाजिक पक्षमा आएको परिवर्तनहरु :-

सामाजिक क्षेत्र अन्तर्गत शिक्षामा आएको परिवर्तन, परिवारिक संरचनामा आएको परिवर्तन, स्वास्थ्य सम्बन्धी चेतनामा आएको परिवर्तन, समाजमा महिलाको स्थितिमा आएको परिवर्तन, अन्य जातजातिले हेर्ने दृष्टिकोणमा आएको परिवर्तन, सन्तान प्रति आएको परिवर्तन र परम्परागत पेशामा आएको परिवर्तनहरु देखाउन खोजिएको छ ।

#### ६.१.१ शिक्षामा आएका परिवर्तन :-

विगत वर्षहरुमा नियाल्दा सुनुवार जातिमा शिक्षामा खासै त्यस्तो रुची देखिएको पाइदैन तर देशको राजनैतिक परिवर्तनले मानिसहरुको चेतनामा आएको परिवर्तनले गर्दा देश, काल परिस्थिति अनुसार यी जातिहरुमा पनि आफ्ना छोराछोरीलाई शिक्षित बनाउने उद्देश्यले विद्यालय पठाउन रुची लिएको पाइन्छ । यस क.न.पा.-६ का सुनुवार जातिहरुमा अहिलेको वर्तमान परिस्थितिमा आफ्ना केटाकेटीहरुलाई सरकारी तथा अंग्रेजी आवासीय विद्यालयमा समेत पढ्न पठाएको पाइएको छ ।

### ६.१.२. परिवारको संरचनामा आएको परिवर्तन :-

आजका यस वैज्ञानिकीकरण, आधुनिकिकरण, पश्चिमीकरण, परसंस्कृतिकरण, सांस्कृतिक प्रसार आदिको प्रभावले संसार एकात्मक परिवार प्रति आकर्षित भइरहेको छ । एकात्मक परिवार सानो भएकोले परिवारको संख्या र आम्दानीको श्रोत बीचको सन्तुलन हुने भएकोले जीवन स्तर उच्च हुन्छ । त्यसकारण विगतमा यी जातिहरु संयुक्त परिवारमा बसेपनि अहिले एकात्मक परिवार प्रति आकर्षित भएको पाइएको छ । यस अध्ययन क्षेत्रमा संयुक्त परिवारको संख्या १५ र एकात्मक परिवारको संख्या १८ रहेको छ ।

### ६.१.३ स्वास्थ्य सम्बन्धी चेतनामा आएको परिवर्तनः-

सुनुवार जातिको स्वास्थ्य सम्बन्धी चेतना पहिलाको तुलनामा धेरै बढेको पाइन्छ । चेतना बढाउने कारक तत्वहरुमा शिक्षा, संचार, गैरसरकारी संस्था, अस्पतालको स्थापना आदि रहेको छन् । यी जातिहरुमा पहिले धामी झाक्री, प्रति धेरै विश्वास राख्दथे तर अहिले विरामी हुदा धामी झाँक्रीका साथसाथै विरामीको अवस्था हेरेर अस्पताल जान थालेका छन् । उनीहरुमा विस्तारै मातृशिशु स्वास्थ्य सम्बन्धी चेतनामा पनि सचेत देखिन्छन् । पहिला पहिला घरमै सुत्केरी गराउने पुरानो प्रचलन तोड्दै अस्पतालमा सुत्केरी गराउने चलन चलेको छ । त्यस्तै परिवारका सहि व्यवस्थापनको लागि यी जातिहरुमा पनि परिवार नियोजनको स्थायी र अस्थायी साधनहरुको प्रयोग गर्नेहरुको संख्या पनि बढ्दै गएको छ  तर धामी झाँक्रीको विश्वास पूर्ण रुपले हटी नसकेको देखिन्छ ।

### ६.१.४. समाजमा महिलाको स्थितिमा आएको परिवर्तन :-

नेपाल एउटा पितृसतात्मक समाज भएको मुलुक हो । यस अध्ययन क्षेत्रमा सुनुवार जातिमा पनि पितृसतात्मक परिवार नै पाइन्छ । लोग्ने मानिस नै (श्रीमान मरेको बाहेक) घरमुली रहेको पाइएको छ तर कतिपय सुनुावर जातिको घर

परिवारमा लोग्ने बाहिर कमाउन वा जागिरमा वा वैदेशिक रोजगारमा गएको परिवारमा सबै घरको व्यवस्था गर्ने काम महिलाले पनि गर्दै आएको देखिएको छ ।

महिलाहरु प्राय घरायसी कामहरु खानेकुरा पकाउने घाँस दाउरा, मेलापात जाने गाईवस्तुहरुको हेरचाह गर्ने व्यापार - व्यावसाय छ भने त्यसमा आफ्नो लोग्नेलाई सहयोग गर्ने काम गर्दछन् । उनीहरु स्वतन्त्र हिंडडुल गर्ने, राजनितिमा सहयोगी हुने आर्थिक कारोबार गर्ने, कुराहरुमा पुर्णरुपले स्वतन्त्र छैनन् । समयको परिवर्तन संगै शिक्षा स्वास्थ्य संचार जस्ता पक्षको विकासले महिला चेतना बढ्दै गएको देखिन्छ । महिलाहरु विभिन्न समुहमा सम्मिलित हुने ऋण लेनदेन गर्ने सरकारी, गैरसरकारी संस्थाहरुले दिएको चेतनामूलक कार्यक्रमहरु जस्तै प्रोढ शिक्षा, विभिन्न महिला शसक्तिकरण सम्बन्धी तालिमहरुले गर्दा महिलाहरुमा पनि आय आर्जन गर्ने आफ्नो निर्णय गर्ने जस्ता कुराहरु पनि बढ्दै गएको पाइएको छ ।

महिलाहरुको नाममा जग्गा पास गर्दा राजस्वमा छुट दिने सरकारी नीतिको कारणले गर्दा महिलाको नाममा जग्गा राख्ने कामको शुरुवात प्रशस्त मात्रामा भएको पनि पाइएको छ । यसर्थ सुनुवार जाति पनि पितृसतात्म भएतापनि यस जातिका महिलाहरु अरु जातिका महिलाहरु भन्दा केही स्वतन्त्र, स्वावलम्वी र निर्णायक देखिन्छन् ।

### ६.१.५ अन्य जातजातिले हेर्ने दृष्टिकोणमा आएको परिवर्तनः-

नेपाल धर्मनिरपेक्ष मुलुक भएपनि हिन्दुहरुको बाहुल्यता भएको मुलुक हो । यी जातिहरुको आफ्नै धर्म भएपनि हिन्दु धर्मको पनि ठुलो प्रभाव परेको देखिन्छ । पहिला पहिला यी जातिहरुलाई पानी चलेपनि अलि हेलाको दृष्टिकोणले हेरिन्थ्यो तर अहिले उनीहरुमा राजनीतिक तथा शैक्षिक चेतनाको कारणले गर्दा अन्य जातिहरुले अहिले एउटा कडा परिश्रम गर्ने, सोझो तथा इमानदार जातिको रुपमा हेरिएको पाइन्छ । यीनिहरुलाई निम्न मध्यम वर्गिय जनजातिका रुपमा लिइएको पाइएको छ । सार्वजनिक स्थल, विहेभोज तथा अन्य धार्मिक संस्कारहरुमा यी जातिहरुलाई पनि

समानरुपले व्यवहार गरेको पाइयो । विस्तारै जातियविभेदहरु हट्दै गएको पाइएको छ । अन्य जातिहरुका विचमा जातिय सद्भाव धार्मिक तथा सांस्कृतिक सहिष्णुता सुमधर रहेको पाइएको छ । यी जातिहरुमा विभिन्न धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु हुदा अन्य जातिहरुलाई पनि निमन्त्रणा गर्ने गरेको पाइएको छ ।

### ६.१.६ सन्तानप्रति आएको परिवर्तनः-

यस अध्ययन क्षेत्रका सुनुवार जातिहरुमा पनि अन्य जातिहरुको जस्तै छोरालाई बढी र छोरीलाई कम महत्व दिने प्रचलन छ । पहिले पहिले छोरो जन्मिदा धेरै खुसी हुने र छोरी जन्मदा नरमाइलो मान्ने चलन बिस्तारै हट्दै गएको पाइन्छ । समयको परिवर्तन सँगसगै चेतनाको विकासले गर्दा छोरा र छोरी बराबर हुन भन्ने भावनाको विकास भएको पाइन्छ । छोराले जस्तै अवसर छोरीले पनि पाए आफ्नो समाज र राष्ट्रकोलागि केही गर्न सक्छ भन्ने विश्वास बढेको पाइन्छ । छोरीलाई पनि छोरा सरह स्कूल पढ्न पठाएको देखिएको छ ।

### ६.१.७ अनुभवमा आएको परिवर्तन :-

पहिला पहिला सुनुवार जातिहरुलाई पिछडिएको जातिको रुपमा हेरिन्थ्यो । यिनीहरुको समाजमा केहि इज्जत छैन भन्ने हिनताबोध थियो तर अहिले आएर मानिस जातले भन्दा पनि शिक्षा, संस्कार, बुद्धी र मेहनतले ठुलो हुन्छन् भन्ने सोच पाइन्छ । यिनीहरुमा पनि राम्रो गरी पढी समाजमा राम्रो काम गरी धनसम्पत्ति कमाइयो भने आफू स्वतः ठूलो भईन्छ भन्ने र समाजमा ईज्जत प्रतिष्ठा हुन्छ भन्ने सोचको विकास भएको छ । पहिला पहिला सुनुवार भएकोमा केहि हिनताबोध भएको पाइए पनि अहिले आएर राजनितिक चेतनाको परिवर्तन सगै जातिय उत्थान र पहिचानको विकासले गर्दा उनीहरु आफ्नो जातिप्रति गौरव गर्छन् ।

## ६.२ सांस्कृतिक तथा आर्थिक क्षेत्रमा आएको परिवर्तनः-

संस्कृति भनेको मानिसले आफ्नो जीवनशैलीलाई सरल सुलभ बनाउन मानिसद्धारा नै समय समयमा आफ्नो जातिय पहिचानको लागि पनि गरेको कडी हो । यी जातिहरुको पनि शिक्षा, चेतनाको स्तर र आधुनिक परिवेशले गर्दा आफ्नो पहिलाको मौलिक संस्कृतिलाई केहि छोड्दै आएको पाइएको छ । आर्थिक क्षेत्रले पनि मानिसको विविध पक्षमा प्रभाव परेको पाइन्छ । सांस्कृतिक क्षेत्र अन्तर्गत विवाह गर्भावस्था महिला अधिकार तथा चाडपर्वमा आएको परिवर्तनको चर्चा गर्न खोजिएको छ ।

### ६.१.२ विवाह संस्कारमा आएको परिवर्तनः-

समयको गति संगसंगै विवाह संस्कारमा पनि परिवर्तन भइरहेको छ । यी जातिहरुमा अधिकांश युवायुवतीहरुले आफ्ना आमाबाबुले खोजेको आफ्नै जातिको केटासँग विहे गरेको पाइए पनि विवाह संस्कारको तरिकाहरु भने पहिलाको भन्दा केही परिवर्तनसाथ गरेको पाइएको छ । भागी तथा प्रेम विवाह, बहु विवाह वा अन्तर जातिय विवाह भने कमैले गरेको पाइएको छ । विवाहमा केटा र केटीले लगाउने लुगा, गहना आदिमा पशिमीकरणको प्रभावले दौरा सुरुवालको ठाउँमा सुट टाइ, वेहुलीले लगाउने गुन्यु चोलीको ठाउँमा सारी चोली आदि लगाउने चलन चलेको छ । बेहुला बेहुलीलाई डोलीको सट्टा मोटरको प्रयोग बढेको छ ।

### ६.२.२ मातृ शिशु सुरक्षा सम्बन्धि धारणामा आएको परिवर्तन

अध्ययन क्षेत्रमा गई अनुसन्धान गर्दा पहिला पहिला आम नेपालीले गर्भावस्थामा गरे जस्तै यी जातिका गर्भवती महिलाहरुले पनि आफ्नो र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा खासै चासो देखाइएको पाइदैन थियो । तर समयको परिवर्तन सगै गर्भवती महिला तथा उनका घर परिवारको सोचाइमा पनि निकै परिवर्तन आएको देखिन्छ । गर्भावस्थामा नजिकैको अस्पतालमा जचाउने आइरन

चक्कीको प्रयोग गर्ने, पोषिलो खानेकुरा खाने, गह्रौ भारी नबोक्ने, अस्पतालमा सुत्केरी गराउने चलन रहेको पाइन्छ । नेपाल सरकारले अस्पतालमा सुत्केरी गराँदा सुत्केरी भत्ता समेत दिने ब्यवस्था गरेको हुनाले यि जातिका गर्भवती महिलाहरु सुत्केरी सेवा लिन अस्पताल जाने क्रम बढ्दै गएको पाईन्छ । यसले गर्दा नवजात शिशु र आमा दुवैको स्वास्थ्य राम्रो भएको देखिन्छ ।

### ६.२.३. महिलाको अधिकारमा आएको परिवर्तनः-

सुनुवार जाति निम्न मध्यम वर्गिय जातिहरु मध्येको एक आदिवासी जनजाति हो, त्यसमा पनि यस जातिका महिलाहरु आफ्नो अधिकार सम्बन्धी चेतना झन् न्युन थियो । तर आजभोलि विभिन्न महिला मुक्ति तथा महिला शसक्तिकरण सम्बन्धी तालिमले गर्दा उनीहरुले आफ्नो हक अधिकार सम्बन्धी आवाज उठाउन थालेको बुझिन्छ । विभिन्न महिलावादी संगठनहरुले पैत्रिक सम्पति माथि छोरीको पनि समान हक हुनुपर्दछ भन्ने आवाज उठाए पनि यसको खासै प्रभाव परेको छैन् ।

### ६.२.४. चाडपर्वमा आएको परिवर्तन :-

यस अध्ययन क्षेत्रका सुनुवार जातिहरुमा पनि अधिकांश हिन्दुधर्मावलम्वी भएकोले उनीहरुको आफ्नो जाति विशेष चाडपर्व बाहेक अन्य प्रमुख चाडपर्वहरु दशैं, तिहार, माघे संक्रान्ति आदि हुन् । विभिन्न चाड पर्वहरुमा फजुल खर्च गर्ने, देखासेखी गर्ने, खर्चमा प्रतिस्पर्धा गर्ने, जाँड-रक्सी आदिको प्रयोग गरेको पाइयो । विभिन्न बिलासिताको उपकरण जस्तै भिडीयो क्यामेरा, क्यासेट, संगितका उपकरणहरु आदिको पनि प्रयोग गरेको पाइयो । तर अहिले शिक्षाको विकासले गर्दा चाड-पर्वहरुमा फजुल खर्च गर्नु हुँदैन भन्ने सोच बढेको पाइयो ।

### ६.२.५. पेशामा आएको परिवर्तन :-

अध्ययन क्षेत्रमा गई अवलोकन गर्दा यी सुनुवारजातिको परम्परागत पेशा कसैले पनि लिएको पाइदैन । पहिला पहिला आफ्नो जातिको पेशा जस्तै माछा मार्ने, शिकार गर्ने, डालो नाङ्लो बुन्ने आदि जस्ता कामहरु गर्दथे भने अहिले आएर कृषि मजदुरी सरकारी, गैरसरकारी क्षेत्रमा काम गर्ने, वैदेशिक रोजगारमा जाने, केहि ब्रिटिस आर्मी तथा इन्डिएन आर्मी मा भर्ती छन् । कसैले व्यवसायिक कुखुरापालन तथा व्यापार पनि गरेको पाइन्छ । यस प्रकार अध्ययन क्षेत्रमा परम्परागत पेशामा पुरै परिवर्तन आएको छ ।

### ६.२.६ घरको बनोटमा आएको परिवर्तन :-

यस अध्ययन क्षेत्रमा सुनुवार जातिहरुको घरको बनोटमा केही परिवर्तनहरु देखिन्छन । पहिला पहिला खरको छाना, माटो र ढुङ्गाको गाह्रो भएको हुन्थ्यो भने अहिले आधुनिकिकरणको प्रभाव र आयश्रोतको वृद्धिले गर्दा घरको छानाको सट्टा टायलको छानो बासको टाटी लगाएको ठाउँमा काठको चेप्टो फलेक ठोकेको माटोको गाह्रोको सट्टा सिमेन्ट, इटा वा ब्लकको गाह्रो लगाएको छ । राम्रो आर्थिक क्षमता भएकोहरुको भने पक्की दुइतले देखि तीनतले सम्म भवन बनाएको पाइयो ।

### ६.२.७ आधुनिक सामानको प्रयोगमा आएको परिवर्तन :-

यस अध्ययन क्षेत्रको सुनुवार जातिहरुमा आम्दानीको श्रोतको वृद्धि सगंसगैं आधुनिक सामानको प्रयोगमा वृद्धि हुदै आएको छ । आधुनिक सामानको प्रयोग सस्ता चिनिया समानले पनि वढाएको छ । हरेक घरमा मोवाइल, रेडियो, घडि, टिभी तथा केहिको फ्रिज समेत राखेको पाइन्छ । ग्यास चुल्हो, गोवर ग्यासको प्रयोग वैकल्पिक सौर्य उर्जा समेत प्रयोग गर्नेहरु समेत छन् । तर्सथ आधुनिकिकरणको प्रभावले गर्दा आधुनिक सामानको प्रयोग प्रतिस्पर्धा र देखासेकीको कारणले पनि व्यापक बढिरहेको छ ।

# अध्याय–७

## सारांश तथा निष्कर्ष

### ७.१ सारांश

यस सोधपत्रको अध्ययनको मुख्य उद्देश्यहरु क.न.पा. ६ मा बसोबास गर्ने सुनुवार जातिको परिवर्तित सामाजिक, संस्कृतिक तथा आर्थिक पक्षको अध्ययन र विश्लेषण गर्नु हो । साथै यो जातिको विस्तृत परिचय गर्न र नेपाली समाजमा सुनुवारहरुको परिवर्तित सामाजिक स्तर कस्तो छ भनी थाहा पाउन मुख्य उद्धेश्य रहेको छ । यस शोधपत्रमा अन्तरवार्ता, प्रश्नावली, सहभागी अवलोकन आदि विधि अंगाली यस अध्ययन क्षेत्रका स्थानीय सुनुवारहरुसँग भेटी सुनुवार जातिको बारेमा अध्ययन अनुसन्धान गरिएको छ । यो शोधकर्ताको बसोवास क्षेत्र भएकोले र सुनुवारहरुको छिमेकमा हुर्केकाले अध्ययन अनुसन्धानको लागि कठिन नभएपनि यस जातिको वर्तमान परिवर्तित सामाजिक र आर्थिक पक्षको अध्ययनको लागि निश्चित समय दिइएको छ ।

सुनुवार सिमरौणगढ जाति नेपाल अधिराज्यको प्राचीन आदिवासी हो । परापूर्वकालमा भारतको सिम्रौनगढबाट सुर्य मण्डप नाम गरेका राजाकी कान्छी छोरीका सन्तान नै विभिन्न कारणले नेपाल पसी बनेपामा आएर बसेका र पछि त्यहाका राजासँग पराजित भई सुनकोशी वारी, सुनकोशी पारी अर्थात वल्लो किरात, पल्लो किराँत, माझ किराँतका नामले प्रचलित भए । यसरी सुनकोशी वारी गएर वस्नेहरु नै ठाउँ विशेषले सुनुवार भएका हुन भन्ने भनाई पाईन्छ । यो जातिको बाक्लो बस्ती  रामेछापको लिखु खोलाको वरपर पाइन्छ भने सुनुवार जातिको परम्परागत संस्कृति पनि यहि पाइन्छ भने जनश्रुति पनि रहेको छ । यिनीहरुको सामाजिक संस्कारहरुमा छोरालाई न्वारान, पास्नी, छेवर, विवाह गर्दछन् भने छोरीलाई न्वारन, पास्नी र विवाह मात्र गर्दछन् ।

यिनीहरुको भाषा भोट वर्मेली परिवार अन्तर्गत पर्दछ र शेर्पा र जिरेल भाषासँग केही मात्रामा मिल्दछ । यिनीहरुले मनाउने चाडपर्वहरु आफ्नो जातिय

चाडहरु चण्डी, छेगु, गिल, काँस, जस्ता चाडपर्वहरु मान्दछ भने हिन्दु धर्म भित्रका सबै चाडहरु दशै, तिहार, माघे सक्रान्ती, साउने संक्रान्ती, चैते दशै आदि विशेष महत्वका साथ मान्दछन् । साथै धन्य पुर्णीमा, कूल पूजा आदि मनाउछन् । यो जाति आफ्नो जातिय चाडपर्वका लागि धनी छन् । यिनीहरुको प्राचिन धर्म झांक्रीबाद वा तन्त्रवाद भएपनि सन् १८८२ मा श्री ५ राजेन्द्र विक्रम शाहबाट  लालमोहर पाई हिन्दुधर्म मान्दै आएको यस जाति ब्राह्मण द्धारा पूजा पाठ पनि गराउछन् भने झांक्री तथा पूजारी द्धारा देवदेवताको पूजा गर्दछन् । केही सुनुवारहरु क्रिश्चियन धर्म पनि मान्ने गर्दछन । त्यस्तै यिनीहरु बौद्ध धर्मावलम्वीले मान्ने गुम्वा, चैत्यको त्यतिकै आस्थाका साथ मान्दछन् । कुलदेवताको रुपमा सुर्य, वायुको पूजा गर्दछन् ।

सुनुवार समाज हाल एकात्मक अर्थात विवाह गरेपछि भिन्न (छुट्टिएर) बस्ने प्रथाको प्रचलन भईसकेको छ । पुरुष प्रधान समाज भएपनि महिलाहरुको आदार र सम्मानका साथै घरायसी रुपमा महिलाले गरेको निर्णय मान्य नै हुन्छ । महिलाहरुको काममा घर भित्र, खाना पकाउने, घरधन्दा गर्ने, बाल बच्चाको स्याहार सुसार गर्नुको साथै घर वाहिर खेतिपातीको काम गर्ने, घाँस काट्ने, ब्यापार ब्यावसाय गर्ने जस्ता काम गर्दछन् । यस जातिमा मागी विवाह, प्रेम विवाह, चोरी विवाह र जारी विवाहहरुमा मागी विवाहको प्रचलन वढी छ । यिनिहरुको आफ्नै बहिवाहीक संस्कारहरु छन साथै आफ्नो गोत्र र ७ पुस्ता भित्र विवाह गर्दैनन् ।

मृत्युसंस्कार गर्दा खोलामा लगेर जलाउने र झांक्री वा पूजारी भए सम्पूर्ण गरगहना, वाजागाजा सहित डाडाँमा लगी चिहानमा ठडाएर राख्नेगर्दछन् । १३ दिनसम्म शौच गर्दछन् । छोरा भए सम्म छोराले र नभए अरु दाजुभाईले दागबत्ती दिएर जलाउने गर्दछन् । यस जातिमा हिन्दु शास्त्र अनुरुप दशदान गर्ने चलन छ तर दशदान पुरोहितलाई नदिएर आफ्नो चेलीबेटी वा भान्जा भान्जीलाई दिन्छन् । ४५ दिनमा झांक्री राखी कर्ज्यो घुर्साछन् (कात्रोको कपडाको धागो वाँसमा हाली मरेको मानिसको नाममा थान वनाएर राख्नु) र सातो फालिन्छ । १३ दिन सम्म दुःख मनाउदा यिनीहरु मासु, नुन, माछा, दहि, तेल आदि खादैनन् ।

यस अध्ययन क्षेत्रका सुनुवारहरु शिक्षाको साथै आर्थिक दृष्ट्रिले खासै पिछडिएको देखिँदैन । यिनीहरु धेरैजसो बैदेशिक रोजगारमा संलग्न भएको र केही खेती पाती र पशुपालनमा संलगन रहेको देखिन्छ । सिमित भूमिको कम उब्जनीले वर्षभरी खान नपुग्ने हुदाँ जीवन निर्वाहको लागि अन्य सहायक पेशा अंगाल्न पुगेको छन् । अधिकांश पाखो वा भिरालो जमिन, सिचाईको अभाव, पूरानो खेति प्रणालीले कम उत्तपादन हुने र उत्पादित अन्न विभिन्न चाडपर्वका लागि जाँड रक्सी बनाउनु पर्ने भएकोले वर्ष भरी खान नपुग्ने भएकोले अन्यत्र बाट किनेर खानु पर्ने स्थिति रहेको छ । यसरी यी आर्थिक पुर्तिका लागि बेलाबेलामा ऋण लिएर खर्च गर्ने गरेको पाइन्छ ।

समग्रमा भन्दा नेपालको लोप हुने स्थितिमा पुगेका अल्पसंख्यक जनजातिहरु मध्येका सुनुवार जाति को आफ्नै मातृ भाषा सुनुवार छ तर लिपि भने छैन । विभिन्न पुजाआजा पूजारी तथा झांक्रीले मुखले फलाकेर तन्त्र मन्त्र पढ्ने गर्दछन । यसरी यिनीहरुको आफ्नै छुट्टै भाषा संस्कृति, सामाजिक परमपरा र आफ्नै मौलिक चाडपर्वहरु भएर पनि यिनीहरुमा आफैमा विविधतापूर्ण छन् । आर्थिक अवस्थाका कम्जोरीका कारण शैक्षिक क्षेत्रमा पनि पछाडि पर्नुको साथै जीवनस्तर माथि उठन् नसेकेकोले यस जातिको उत्थानको लागि नेपाल सरकार तथा गैरसरकारी संस्थाहरुले विशेष योजनाहरु तर्जुमा गरी विभिन्न कार्यक्रम संचालन गर्नुपर्दछ ।

## ६.२ निष्कर्ष

यस अध्ययन क्षेत्रका सुनुवारहरु रामेछाप र ओखलढुङ्गा जिल्लाबाट बसाईसरी सिन्धुली जिल्लाको क.न.पा.-६ मा बस्दै आएको पाईन्छ । सुनुवारहरु मुख्यतया १० थरे र १२ थरे रहेको छ । १० थरे भन्नाले जिरेल, सुरेल लगाएत केही सुनुवारहरु पनि रहेका छन् । यिनै १० थरे सुनुवारहरुको आफ्नै भाषा भने छैन । १२ थरे सुनुवार भित्र मुख्य १२ थर रहेको र उपथरहरु धेरै प्रकारका हुनसक्ने कुरा सुनुवार सेवा समाज नामक सुनुवार जातिको संस्थाको आफ्नो मुखपत्रहरुमा उल्लेख गरेको छ ।

हुनत यस छोटो अध्ययनबाट सुनुवार जातिको बारेमा सम्पुर्ण वस्तुस्थिति वा इतिबृतान्त प्रस्तुत गर्न असमर्थ भएपनि पछिका विद्वान लेखक, समाजशास्त्री, मानवशास्त्री तथा यस जातिका वारेमा बुझ्न र जान्न चाहने व्यक्तिलाई यस शोधपत्रले केही मार्गदर्शन गर्नेछ भन्ने विश्वास लिएको छु । यस क्षेत्रमा बसोवास गर्ने सुनुवार जातिहरुले आयमूलक पेशा अवलम्बन गरेकोले समग्रमा यिनीहरुको आर्थिक स्थिति सुधारोन्मुख देखिन्छ । यिनीहरुमा पुराना पुस्ताका सुनुवारहरु प्राय निरक्षर छन् भने नयाँ पुस्ताका सुनुवारहरु भने अधिकांश पढेलेखेका छन् । तिनीहरु मध्ये कतिपय रुढीबादी विचारधारा बाट प्रभावित छन् भने हाल नवयुवाहरुमा आधुनिकताले प्रवेश गरेको हुँदा यिनीहरु सचेत भई विकासका संवाहक बन्न प्रयत्नरत छन् ।

यो जाति नेपालको आदिवासी जाति हो । प्राचिन कालमा शिकारी भनी चिनिए  तापनि अहिले मुख्य पेशा कृषि रहेको यस सुनुवार जाति बैदेशिक रोजगार, सरकारी नोकरी, पशुपालन, अध्ययन-अध्यापनमा समेत संलग्न रहेको पाईन्छ । पुरानो पुस्ताहरु आफ्नो मौलिक संस्कृति र परम्परागत धारणा लोप हुन लागेकोमा चिन्तित देखिन्छन् । आफ्नो जातित्वको बारेमा सचेत भई जातिय उत्थान र कल्याणको लागि सुनुवार सेवा समाज जस्ता संस्थाहरुको स्थापना भएको छ । कुनै पनि जातिको जातिय उत्थान, कल्याण विकास तथा जगेर्णा गर्न यस प्रकारका संस्थाको भूमिका महत्वपूर्ण रहन्छ । सुनुवार जातिको भाषा र सस्कृतिको जर्गेना गर्न स्थापित संस्थाहरु सुनुवार सेवा समाज जस्ता संस्थाहरुलाई नेपाल सरकारको तर्फबाट सहयोग गर्नुपर्ने आजको आवश्यकता रहेको छ ।

सुनुवार जाति अत्यन्त सोझो, मिलनसार, मृदुभाषी र अरुको सम्मान गर्ने तथा परिश्रमी छन् । यिनीहरु बच्चा देखि बुढासम्म र महिलाहरु पनि श्रममुलक कार्य गर्ने गर्दछन् । युवा युवतीहरु पनि घरको काम घाँस काट्ने, मेलापात काम गर्ने गर्दछन् । देशका विभिन्न जात जातिहरुको संरक्षण गर्ने राष्ट्रिय निति अनुरुप नेपाल सरकारकाले यस प्रकारका संस्थाहरुलाई प्रोत्साहन दिनु आवश्यक देखिन्छ ।